जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक ९, २०७७ साल असोज २३ गते शुक्रबार, नेपाल संवत् ११४० (Oct. 9, 2020) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-


## साल्ट ट्रेडिङमा सडेको मल

काठमाडौं । साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको ग्लोबल टेन्डरमार्फत खरिद गरी ल्याइएका ४७ हजार बोरा डीएपी मल सडेका र गुणस्तरहीन भएको प्रस्ट भएको छ । भिजेकै अवस्थामा वीरगन्जको सुख्खा बन्दरगाहमा ल्याइएको उक्त मल भारतको कोलकाता बन्दरगाह हुँदै गत आइतबार सुख्खा बन्दरगाहमा आइपुगेको हो ।

रेलको व्यागनबाट अनलोड गरी बन्दरगाहको गोदाममा अनलोड गर्ने क्रममा अधिकांश मलका बोराबाट कालोपदार्थ झरिरहेको कामदारहरू बताउँछन् । प्रायः बोराभित्रको मल सडेर कालो डल्लो बाँकी ८ पेजमा

## खुल्दै बन्द हुँदै तातोपानी नाका

सिन्धुपाल्चोक । तातोपानी नाकाका तीनजना मजदुरमा चीन क्षेत्रमा कोरोना पुष्टि भएपछि सोमबार खुलाइएको नाका मंगलबार पुनः बन्द भएको छ । यहाँबाट चीनतर्फ सामाग्री लोड अनलोड गर्न गएका ३३ मजदुरको स्वास्थ्य परीक्षण गर्दै स्वाब संकलन गरिएकोमा अहिलेसम्म ७ जनामा संक्रमण देखिएको छ । यसअघिका सीमाक्षेत्रका चार संक्रमित मजदुरको 'कन्ट्याक्ट ट्रेसिङ' र उपचार नसर्किदै मंगलबार ३ जनामा कोरोना बाँकी ८ पेजमा

# लिम्पियाधुरा नेपालकै भएको अकाट्य प्रमाण

काठमाडौं । लिम्पियाधुरासम्मको भूभाग नेपालको भएको पुष्टि हुने प्रमाण जुटाउन सरकारले गठन गरेको विज्ञ समितिले आफ्नो प्रतिवेदन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीलाई बुझाएको छ । समितिको प्रतिवेदनबाट नेपालको दावी थप प्रमाणित भएको र भारतसँग छलफलका लागि यथेष्ट प्रमाण र आधार फेला परेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

लिम्पियाधुरासम्मको दावी पुष्टि हुने सक्कल वा प्रमाणित नक्कल जुटाउन सरकारले २९ जेलमा नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष विष्णुराज उप्रेतीको संयोजकत्वमा नै सदस्यीय विज्ञ समिति गठन गरेको थियो । समितिमा अन्तर्राष्ट्रिय कानुनविद् सूर्यप्रसाद सुवेदी, इतिहासविद् रमेश ढुंगेल, कानुनविद् विपिन अधिकारी, जलविज्ञानविद् जगत भुसाल, नापी विभागका पूर्व महानिर्देशक तोयानाथ बराल, सेनाका पूर्वउपरथि हिमालय थापा, सामुदायिक वन उपभोक्ता महासंघका पूर्वअध्यक्ष अप्सरा चापागाई सदस्य थिए । परराष्ट्र मन्त्रालयका सहसचिव रामप्रसाद सुवेदी



विज्ञ समूहको सदस्य सचिव थिए ।

तीन महिनापछि विज्ञ समूहले लिम्पियाधुरासम्म नेपालको दावी गर्नु कानुनी नक्सा र जलविज्ञान सहितका प्रमाण समेटिएको प्रतिवेदन सरकारलाई बुझाएको हो । प्रतिवेदनमा भारतसँग वार्तामा बस्दा ध्यान पुऱ्याउनुपर्ने पक्षसमेत समेटिएको बताइन्छ । नेपाल भारत सीमा सम्बन्धमा सुस्ता क्षेत्र र उत्तर पश्चिम लिम्पियाधुरा, कुटी, नाभी, गुन्जी, कालापानी र लिपुलेक क्षेत्रमा नेपालको स्वामित्व स्थापित हुने सक्कल वा प्रमाणित प्रतिलिपि वा प्रतिलिपि संकलन गर्ने अख्तियारी विज्ञ समूहलाई दिइएको थियो । सार्वजनिक निकायलगायत विभिन्न संघसंस्था व्यक्ति वा स्वदेशी तथा विदेशी पुस्तकालय, अभिलेखालय एवं संग्रहालयबाट विज्ञ समूहले प्रमाण संकलन गरेको छ ।

प्रतिवेदनमा नेपाल भारतबीच भएका सन्धि सम्झौता र समझदारी पत्र, तत्कालीन इस्ट इन्डिया कम्पनी, ब्रिटिस सरकार र भारत सरकारसँग गरिएका पत्राचार, नेपाल भारत सीमासम्बन्धी नक्सा (सुरुदेखि हालसम्म संयुक्त रुपमा र दुवै पक्षबाट प्रकाशित समेत समावेश गरिएको छ । सुगौली सन्धि तथा उपलब्ध तथ्य र प्रमाणका आधारमा लिम्पियाधुरासम्मको जमिन नेपालको हो भन्ने यथार्थको पुनः पुष्टि भएको छ ।

विज्ञ समितिले सबैभन्दा ठूलो प्रमाणका रुपमा सुगौली सन्धिलाई अघि सारेको छ । लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्र नेपालकै भूमि हुन् भन्ने सबैभन्दा ठूलो र बलियो प्रमाण सुगौली सन्धि नै हो । भारतमा राज गरिरहेको बेलायतको इस्ट इन्डिया कम्पनीको सरकार र नेपाल सरकारबीच सन् १८१६ मा सीमाको विषयलाई लिएर सुगौली सन्धि भएको थियो । उक्त सन्धिको धारा ५ ले कालीनदीदेखि पूर्वको भाग नेपालको रहेको प्रस्ट पार्छ । कालीनदी लिम्पियाधुरा हुँदै बग्छ । सन्धिअनुसार काली (महाकाली) नदी पूर्वको भाग सम्पूर्ण नेपालको हो । विज्ञ समितिले महाकालीको मुहान लिम्पियाधुरा भएको र त्यसयताको करिब ३ सय ३५ वर्गकिलोमिटर भूभाग भारतले अतिक्रमण गरेको ठहर गरेको छ ।

विज्ञ समितिले १८१६ डिसेम्बरमा भएको पुरक सन्धि, नयाँ मुलुक फर्काउने गरी भएको सन् १८६० को पुरक सन्धि र दाङको चुरे श्रृंखलालाई व्यवस्थापन गर्ने क्रममा त्यसको सीमा निर्धारण गर्न गरिएको सन् १८७५ को सन्धिको नेपालको सीमा निर्धारण गरेको प्रतिवेदनमा उल्लेख गरेको छ । सामरिक महत्वको कालापानीमा सन् १९६२ मा भारत चीन युद्ध हुँदा भारतले सुरक्षाकर्मी तैनाथ गऱ्यो । अर्थात् त्यसयता नेपाली भूमि भारतीय अतिक्रमणमा छ । नेपालको उत्तरी सीमामा १८ स्थानमा रहेका भारतीय सुरक्षा फौज सन् १९६९ मा फिर्ता गर्दा बाँकी ८ पेजमा

## दशैंको अग्रिम टिकट बुकिङबारे अन्योल

काठमाडौं । यातायात व्यवस्था विभागले दशैंको टिकट बुकिङ खुलाउन व्यवसायीलाई प्रस्ताव गरेको छ । तर व्यवसायीहरूले न्यून यात्रु भएका कारण तथा सम्भावित लकडाउनका कारण अग्रिम बुकिङ खोल्न अन्योल रहेको बताएका छन् । स्वास्थ्य मन्त्रालयले सक्रिय संक्रमितको संख्या २५ हजार पुग्दा लकडाउन गर्न सिफारिस गरेको थियो ।

लामो दूरीको बसमा अहिलेसम्म यात्रुहरूको चहलपहल कमै देखिएकाले पनि अग्रिम बुकिङ खोल्न हतार गर्नु नपर्ने यातायात व्यवस्था विभागका महानिर्देशक गोगनबहादुर हमालले बताएका छन् । सरकारले यो वर्ष दशैंका बेला ५ लाख व्यक्ति उपत्यकाबाट बाहिरिने अनुमान गरेको छ ।

कोरोनाका कारण आन्तरिक उडानतर्फ दसैंका लागि यात्रुको चहलपहल शून्य देखिएको विमान कम्पनीहरूले बताएका छन् । कोरोना महामारीका कारण करिब ६ महिनापछि बाँकी ८ पेजमा

## प्रदेश ५ को राजधानी बन्यो देउखुरी




दाङ । तीन वर्षदेखि अल्झिएको प्रदेशको नाम र राजधानी प्रदेश ५ को प्रदेशसभाले मंगलबार वैधानिक रूपमा टुंगो लगाएको छ । प्रदेश ५ को राजधानी दाङ हुने हो कि बुटवल भन्नेमा विवाद परिरहेको थियो । प्रदेश ५ को नाम लुम्बिनी र स्थायी राजधानी दाङको देउखुरी उपत्यका कायम भएको छ । दुई तिहाइभन्दा बढी मतले प्रदेशको नाम र स्थायी राजधानी तय भएको हो । मंगलबार भएको मतदानमा प्रदेशसभाका ८७ सदस्यमध्ये प्रदेशको नाम लुम्बिनी राख्ने प्रस्तावको पक्षमा ७९ मत परेको छ बाँकी ८ पेजमा

## केसीको अनशन : मेडिकल माफियालाई टेन्सन

काठमाडौं । चिकित्सा शिक्षा सुधारको माग गर्दै २५ दिनदेखि अनशनमा बसेका डा. गोविन्द केसीको स्वास्थ्य अवस्था नाजुक बन्दै गएको छ । उनले उठाएका मागहरुको सम्बोधन गरी केसीको जीवन रक्षा गर्न सरकारमाथि चौतर्फी दवाब बढिरहेको छ । केसीको अनशनलाई नसुनेझैं गरी बसिरहेको सरकारलाई पूर्वप्रधानमन्त्रीहरू मानव अधिकारकर्मीहरू, चिकित्सक साथै नर्सहरू र नागरिक समाजका अगुवाहरूले केसीका माग अविलम्ब वार्ताद्वारा पूरा गर्न अपिल गरेका छन् ।

सरकारले केसीलाई अनशन तोड्न आग्रह गर्दै अनौपचारिक रुपमा आफ्ना प्रतिनिधि पठाए पनि केसीले वार्ता टोली गठन नगरी संवाद नगर्ने भन्दै फिर्ता पठाइदिएका छन् । सत्तारुढ दल नेकपाको सचिवालय बैठकले पनि केसीलाई अनशन तोड्न आग्रह गरेको छ । केसीले उठाएका ६ बुँदे माग सम्पूर्ण



नेपाली जनताका माग हुन् । उनले बुँदा नं. ६ मा औषधि आयातमा भएको भ्रष्टाचार छानविन गरी दोषीमाथि कारबाहीको माग गरेका छन् । सरकार यही मागबाट हच्किएको छ । औषधि आयातमा प्रधानमन्त्रीका विश्वासपात्र, मन्त्रीहरू, रक्षामन्त्री, ईश्वर पोखरेल र स्वास्थ्यमन्त्री भानुभक्त ढकाल कारबाहीमा पर्छन् । तर यी दुईमाथि कारबाही गर्ने पक्षमा प्रधानमन्त्री ओली छैनन् ।

सातैवटा प्रदेशमा सरकारी मेडिकल कलेज खोलिनुपर्ने केसीको मागबाट मेडिकल माफियाहरू अत्तालिएका छन् । यदि हरेक प्रदेशमा सरकारले एमबीबीएस पढाइ बाँकी ८ पेजमा

## अकासियो तरकारी मूल्य

दशैं आउनुभन्दा २ महिना अघिदेखि नै व्यापारीहरूले फलफूल र तरकारीको भाउ बढाएर कोरोनाले पिल्सिएका सर्वसाधारणलाई झन् पीडा थपिदिएका छन् । तरकारीको भाउ अचाक्ली बढेपछि न्यून आम्दानी हुनेले दिनहुँ तरकारी किनेर खान कठिन भएको छ ।

एकातिर कोभिडविरुद्ध इम्युनिटी पावर बढाउन तरकारी र फलफूल खानुपर्ने बताइन्छ भने अर्कोतिर फलफूल र तरकारीको भाउ आकासिएर किनिसक्नु छैन । बजारमा तरकारी किन्न गयो भने अहिले अधिकांश तरकारीको भाउ पावको ३०-३५ घटी पाईदैन । किलोको त करै नगरौं । कोभिड-१९ का कारण पर्याप्त उत्पादन नहुँदा तरकारीको मूल्य एक महिनामै तीन सय प्रतिशतसम्म बढेको व्यापारीहरू बताउँछन् । वर्षा सकिएर हिउँदे तरकारी उत्पादन हुने सिजन सुरु भए पनि अधिकांश तरकारीको मूल्य बढेपछि उपभोक्ता चिन्तित छन् ।

## अखाद्य सामग्री जफत

काठमाडौं । ठगी, भ्रष्टाचारी, बलात्कारी, अपराधीहरूको बिगबिगी बढ्दो छ नेपालमा । कोरोनाको बेला विपत्त सेनिटाइजर बिक्री वितरण गर्नेदेखि म्याद गुज्रेको सामानलाई नयाँ प्याकेजिङ गरेर बिक्री गर्ने आपराधिक गिरोहहरू भेटिएका छन् । हालै चन्डोलस्थित जोडिकयाक मार्केटिङ डिस्ट्रिब्युटर्सको गोदाममा प्रहरीले छापा मार्दा यस्तो फेला परेको हो ।

महानगरीय प्रहरी परिसरले उक्त गोदामबाट तीन करोड मूल्य बराबरको म्याद गुज्रेको सामान बरामद गरेको प्रवक्ता एसपी सोमेन्द्रसिंह राठौरले जानकारी दिए । म्याद गुज्रेको सामान बिक्री वितरण भइरहेको भन्ने विशेष सूचनाको आधारमा

प्रहरीले उक्त गोदाममा छापा मारेको हो । त्यस डिस्ट्रिब्युटर्सका सञ्चालकसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा विराटनगरका सञ्चालक जितेन्द्रकुमार लोइया, अकाउन्टेन्ट मुकेश रौनियार र स्टोरकिपर अनिल मगर छन् ।

## संक्रमणले भयावह रुप लिने खतरा

काठमाडौं । हिन्दूहरूको महान पर्व बडादशैं र तिहार संघारमै आइपुगेको छ । कोरोना भाइरस संक्रमणको बढ्दो क्रमले यसपटकका चाडपर्वहरू विगतझैं उल्लासमय वातावरणमा मनाउन नसकिने निश्चित देखिएको छ । विशेषतः राजधानी काठमाडौं देशकै कोरोना संक्रमणको उच्च जोखिममा छ । लामो दूरीका यातायात र आन्तरिक हवाई उडान खुलेसँगै उपत्यकामा संक्रमणको रफ्तार बढ्दो छ ।

नक्कली पिसिआर रिपोर्ट बनाएर भारतीयहरू निर्वाध रुपमा काठमाडौं आउन थालेपछि संक्रमणदर ह्वात्तै बढेको हो । काठमाडौं उपत्यकामा तीव्र गतिले बढेको संक्रमण अब दूरदराजका गाउँ बस्तीमा पुग्ने देखिन्छ । दशैं मनाउन घर जानेहरूले अनजानमै उपहार कोरोना भाइरस लिएर गाउँ जाँदैछन् । जहाँ बसेको हो त्यहीं दशैं मनाउन सरकारले आग्रह गरे पनि त्यसको पालना हुने कुरो भएन । किनकि मान्यजनबाट टीका ग्रहण गरी आशिर्वाद लिने दशैंको प्रचलन नै बाधकका रुपमा देखिएको छ ।

बढ्दो कोरोना संक्रमणलाई नियन्त्रण गर्ने सरकारी कुनै तयारी देखिँदैन । मास्क लगाउने र सामाजिक दूरी कायम गरौं भन्ने भूमिकामा सीमित देखिएको छ स्वास्थ्य मन्त्रालय । बिरामी बढेसँगै अस्पतालमा बेडहरूको अभाव हुन थालेको छ । समयमा अक्सिजन नपाएर युवा अवस्थाका कोभिड बिरामीको समेत निधन हुन थालेको छ । आइसियु र भेन्टिलेटरको अभावले विना उपचार नै बिरामीहरू मर्न थालेका छन् ।

मृत्यु दर पनि अशोभनीय रुपमा बढिरहेको छ । कोरोना उत्पत्तिको भूमि चीनलाई समेत नेपालले संक्रमण दरमा पछि पारेको छ । टोलटोलमा गएर कन्ट्याक टेसिङ गरी स्वाब संकलन गर्ने र संक्रमित बिरामीलाई आइसोलेसनमा राख्न स्वास्थ्य मन्त्रालय असफल भएको छ । कोरोना संक्रमणको रेसियो जति बढेको छ, सरकार उत्ति नै तयारीहीन अवस्थामा देखिएको बाँकी ८ पेजमा

# नेपालमा भारतको नाँगो हस्तक्षेप

**समय-सन्दर्भ**

**अमूल्य थारु**

प्रजातन्त्रमा सबै स्वतन्त्र हुन्छन् । मर्यादा र अनुशासनको लक्ष्मणरेखा, कानुनी र संवैधानिक घेरा अनि अधिकार तथा कर्तव्यको हेक्का राख्न सक्ने चेतनशील समाजमा प्रजातन्त्र प्रबल बन्छ । नर्वे, स्वीडेन, जापान, बेलायत, बेल्जियम, थाइल्याण्ड, मोनाको, लक्जेमवर्ग, डेनमार्क, हल्याण्ड, स्पेन लगायतका कतिपय देशमा 'गणतन्त्र' नभए पनि प्रजातन्त्रको सुन्दर अभ्यास भएका उदाहरण छन् । अनुसन्धानमा प्रसिद्धि पाएका संस्थाहरूले गरेको सर्वेक्षणमा जीडीपीका दृष्टिले विश्वका दश धनी देशमध्ये सातवटामा गणतन्त्र छैन । राष्ट्रसंघले सुखी, शान्त र समृद्धि भनेका प्रमुखबीच राष्ट्रमध्ये तेह्रवटा देशमा गणतन्त्र छैन । राष्ट्रपति इमान्दारी, कर्तव्यबोध र



राष्ट्रनिर्माणको प्रवल चाहना, तदनुरुप नीति कार्यक्रम तथा समर्पणभाव छ भने त्यो देशमा राजनीतिक नै प्रगतिको ठूलो बाधक बन्दैन । तर नेताहरू नै आत्मकेन्द्रीयता, सुविधाभोगी, विलासी, भ्रष्ट, कर्तव्यच्युत, पराधीन र दृष्टिकोणविहीन बन्छन् भने राष्ट्र घोर संकटमा पर्छ । राष्ट्रलाई उपेक्षा गर्ने प्रवृत्ति रहेसम्म गणतन्त्र, राजतन्त्र वा अरु जेसुकै तन्त्र भए पनि त्यसले राष्ट्र सुसुन्नत बन्न सक्दैन । विदेशीको कठपुतली बन्न पाउँदा गर्वोन्मत्त हुने नेताहरूले शासन गरुन्जेल नेपालले कहिले दुततर प्रतिको अनुभूति गर्न पाउने छैन, यो कटु यथार्थ हो । नेपाल स्वाधिन रहनुपर्छ भन्ने राष्ट्रवादी चिन्तनको अवसान भएमा हाम्रो स्वतन्त्रता समाप्त हुनेछ ।

नेपाल आज भारतीय गुप्तचर संस्था 'अनुसन्धान तथा विश्लेषण विभाग (Reserch and Analysis Wing-RAW) को बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र( ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

# बलात्कारका घटनाले निम्त्याएको चुनौती

अखबारका पाना पल्टाउने बित्तिकै दूधे बालिकादेखि वृद्ध हजुरआमासम्म बलात्कारको सिकार भएका घटनाका समाचार पढ्दा नेपाली समाजमा अपराधीहरूले हदैसम्मको गम्भीर र घृणित अपराध गरिरहेका छन् भन्ने स्पष्ट देखिन्छ । सञ्चार माध्यमहरूले निरन्तर रूपमा यस्ता समाचार सम्प्रेषण गरेर राज्यको प्रशासन यन्त्र र समाजको ध्यानाकर्षण गराइरहेको भए तापनि अपराधमा कमी आउनुको सट्टा श्रृंखलाबद्ध रूपमा बढ्दै गइरहेका छन् । करणीसम्बन्धी अपराध निरन्तर बढ्न थालेपछि यस्ता अपराधीलाई मृत्युदण्डसम्मको कठोर सजाय हुनुपर्छ भन्ने आवाज पनि चौतर्फी उठिरहेको छ । कञ्चनपुरकी १३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्या भएको घटनाका अपराधीलाई अझै कानुनको कठघरामा उभ्याउन सकिएको छैन । पछिल्लो समय बझाङ्की १२ वर्षीया बालिकाको बलात्कारपछि हत्या गरिएको घटनाको अनुसन्धान चलिरेको अवस्थामा धनुषा जिल्लामा एक जना ५ वर्षीय बालकको समेत आफ्नै भिनाजु नाता पर्ने युवकले बलात्कार गरी हत्या गरेका छन् । राजविराजमा १७ वर्षीय किशोरीको बलात्कार भएको घटना स्थानीय कथित भद्रभलाद् मीले गाउँमै मेलमिलाप गराउन खोजेपछि पीडितले आत्महत्या गरेकी छन् । चर्चामा आएका यी प्रतिनिधि घटनाले बलात्कारजन्य हिंसा मुलुकभर भइरहेको देखिन्छ ।

यस्ता थुप्रै खबरहरूले अहिले विधायकदेखि अधिकारकर्मी हुँदै सर्वसाधारणसम्मलाई सोच्न बाध्य बनाइरहेको छ । प्रचलित ऐन, कानुनमा नै कुनै त्रुटि छ कि भन्दै कानुनका ठेली पल्टाउनुपर्ने अवस्था आइपरेको छ । बलात्कारीलाई फाँसीको माग गर्दै विभिन्न ठाउँमा प्रदर्शन भइरहेका छन् भने सामाजिक सञ्जालहरूमा पनि कठोर कानुनको माग गर्दै स्टाटस लेख्नेको संख्या बढिरहेको छ । महिला विधायकहरूले संविधान संशोधन गरेरै भए पनि बलात्कारीलाई फाँसीको सजाय हुने कानुन ल्याउनुपर्छ भन्दै लबिङ गरिरहेका छन् । आफ्नो क्षणिक यौन आवेग मेटाउन कलिला नानीहरूको बाँच्न पाउने अधिकार नै समाप्त पार्ने यस्ता नरपिचाशहरूलाई फाँसीको माग हुनु अस्वभाविक होइन । आफ्ना लुटिएका नानीहरूका आमा र परिवारजनले छाती पिटेर रोएको दृश्य देख्दा जस्तोसुकै कठोर कानुनको आँखा चिम्लिएर समर्थन गर्न पक्कै पनि सबैको एकमत हुन्छ । तर हाम्रो देशमा मृत्युदण्डको कानुन ल्याउन थुप्रै जटिलता बाधक बनेर उभिएका छन् । नेपालले संयुक्त राष्ट्र संघद्वारा जारी गरिएका चौबिस वटाभन्दा बढी महासन्धिमा पक्ष राष्ट्रको तर्फबाट हस्ताक्षर गरेको छ । नेपालले विश्वमा मृत्युदण्ड उन्मूलनका लागि राष्ट्रसंघले जारी गरेको प्रोटोकल २ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिमा हस्ताक्षर गरी सदस्य बनिसकेको छ । त्यसकै आधारमा नेपालले २०४७ सालको संविधानबाट नै मृत्युदण्डको सजाय हटाएको छ । हाल मृत्युदण्डको सजाय कायम रहेका मुलुकसमेत विकल्प खोजिरहेको अवस्था छ ।

यस्तो अवस्थामा तत्काल मृत्युदण्डको सजाय व्यवस्था गरेर कानुन ल्याउने सम्भावना देखिँदैन । यद्यपि बलात्कार र हत्याजस्ता जघन्य अपराधका दोषी ठहर भएका व्यक्तिहरूलाई वर्तमान कानुनलाई संशोधन गरेर कठोर सजायको भागिदार बनाउन सकिन्छ । एकजना महिला विधायकले आजन्म नपुंसक बनाउने र जेल सजाय समेत दिने विकल्पसमेत सुझाएकी थिइन् । यसबारेमा पनि सोच्न सकिन्छ । त्यसैगरी बालिका र वृद्धको बलात्कार गर्नेलाई आजन्म काराबासको सजाय दिने कानुन पनि ल्याउन सकिन्छ । अहिले भइरहेका कानुनले तोकेको सजाय दिने क्रममा समेत फितलो अनुसन्धान र न्यायालयको त्रुटिपूर्ण र दुरासयपूर्ण फैसलाका कारण अपराधीले सहजै उन्मुक्ति पाउने गरेका छन् । त्यसैले यस्ता संवेदनशील विषयमा सबै पक्ष उत्तिकै जिम्मेवार बन्नुपर्ने खाँचो छ । हदैसम्मको कठोर सजायका विकल्पहरू खोज्दै अपराध कर्ममा लाग्न खोज्नेहरूको मनोबल कमजोर बनाउन आवश्यक छ ।

# जनतालाई लल्कार्दै ओली : अनिष्टको संकेत



सुरेन्द्र ढकाल

यो लेख छापिन्जेलसम्म डा. गोविन्द केसीले अनसन नतोडे २५ दिन पुग्नेछ । उनको स्वास्थ्यको हालत चिन्ताजनक हुँदै गइरहेको चिकित्सकहरू बताउँछन् । सरकारको रवैया हेर्दा ऊ केसीको मागप्रति संवेदनशील छैन र केसीको अनसनमै मृत्यु भए पनि उसलाई केही फरक नपर्ने सोच राखेको छ । हुन पनि प्रजातान्त्रिक व्यवस्थामा हातमा बहुमत झन् त्यसमाथि दुईतिहाइकै बहुमत भइसकेपछि कसलाई के को डर ? अझ ओलीले पार्टीभित्रै पनि प्रचण्ड, माधव र झलनाथ सबैलाई तह लगाउन सफल हुँदा उनको मनोबल बेस्सरी बढेको छ । त्यसैले उनले केसीको अनसनलाई रत्तिभर महत्व दिएका छैनन् । अहिले प्रचण्ड गुटहरूले निहुँ नै खोजे भने आफ्नी कठपुतली राष्ट्रपतिलाई प्रयोग गरी कि त संकटकाल, कि त मध्यावधि रोज्न सक्छन् ओलीले । उनको शक्तिलाई अहिले चुनौति दिन कसैले पनि सक्तैन । उनको अगाडि लम्पसार पर्नुबाहेक अरु केही गर्न सकिन्न भन्ने कुरा प्रचण्डले राम्रै बुझेका छन् ।

प्रचण्ड र माधवको राजनीतिक जीवन नै पनि समाप्त पारिदिन सक्छन् ओलीले । ओलीलाई अब सिध्याउन जनताको ठूलो भीडले मात्रै सक्छ र यही भीडलाई ओली उनको दैनिक क्रियाकलाप र व्यवहारले उत्तेजित पार्दै छन् । ओली र उनका समर्थकले जतिसुकै ठूलो भ्रष्टाचार गरे पनि, असक्षमता प्रदर्शन गरे पनि, जति केटीहरूलाई बलात्कार अनि हत्या गरेर फाले पनि उनीहरू कारबाहीमा पर्दैनन् भन्ने कुरा वाइडबडी, ३३ किलो सुन, एनसेल प्रकरण अनि निर्मला हत्याकाण्डले प्रमाणित गरेर देखाइदिएको छ ।

**ओली र उनका समर्थकले जतिसुकै ठूलो भ्रष्टाचार गरे पनि, असक्षमता प्रदर्शन गरे पनि, जति केटीहरूलाई बलात्कार अनि हत्या गरेर फाले पनि उनीहरू कारबाहीमा पर्दैनन् भन्ने कुरा वाइडबडी, ३३ किलो सुन, एनसेल प्रकरण अनि निर्मला हत्याकाण्डले प्रमाणित गरेर देखाइदिएको छ ।**

ओलीका हरेक निर्णयहरू विवादास्पद र अप्रजातान्त्रिक देखिँदै जानु अनि त्यसको विपक्षमा पार्टीभित्र उठेको र अन्य पार्टीले उठाएको विरोधलाई वास्तै नगर्नुले अब ओलीलाई कसैले दण्ड दिन सक्छ भने त्यो नेपाली जनताले सडकबाटै दिने दण्डमात्रै हो । केही वर्ष अगाडि भाद्र १६ गते इराकमा ८ नेपाली काटिँदा आम नेपाली जनताको भीडले म्यानपावर कम्पनी ध्वस्त गरेका थिए । अब केही गरी गोविन्द केसीको अनसनमै मृत्यु भएमा त्यो भीड पुनः एकठ्ठा हुन सक्छ अनि त्यसले ध्वस्त गर्ने भनेको ओली एकमात्रै हुँदैनन् २०४६ सालपछिका सबै नेतृत्व पर्न सक्छन् । पूर्व राष्ट्रपति रामवरण यादवले परिस्थितिको गम्भीरतालाई बुझेर नै उनी केसीको पक्षमा उभिएका हुन् । केसी जोगिन सकेनन् भने डवल नेकपासँगै नेपाली कांग्रेसको राजनीति पनि अन्त्य हुन सक्ने अनुमान सायद पूर्वराष्ट्रपतिको हो भने त्यो विश्लेषण ठीकै मान्नुपर्दछ ।

प्रजातन्त्रमा सत्तारुढ पार्टीलाई लिकमा हिँड्न दबाब दिने प्रमुख भूमिका प्रतिपक्षकै हुन्छ । यसरी प्रजातान्त्रिक मूल्य मान्यताको खिल्ली उडाउने सत्तारुढको व्यवहार र त्यसलाई टुलुटुलु हेरेर बस्ने प्रतिपक्षको अकर्मण्यताको कारण गणतन्त्र नै धरासायी नहोला भन्न पनि सकिन्न । नेपालको इतिहासमा न त्यसै जंगबहादुरको उदय भयो न त्यसै २०१७ साल आएको थियो । ओली आफ्ना व्यवहारले जसरी जनतालाई लल्कार्दै छन् त्यसले अनिष्टको संकेत गरिसकेको छ ।

# प्रदेश सभामा सांसदहरूको ताण्डव



गोविन्द विक

दलहरूको असमझदारीसँगै व्यक्तिवादी चिन्तनले गर्दा बेलाबेला राजनीतिक विवादहरू चुलिने गरेका समाचारहरू सञ्चारमाध्यमबाट बाहिर आउनु कुनै नौलो घटना होइन । व्यक्तिवादी चिन्तनको पछिल्लो उदाहरण प्रदेश पाँचको विवाद देखिएको छ । विपक्षी दलसँग छलफलै नगरी प्रदेश ५ को नामाकरण र राजधानी तोकिएको भन्दै नेपाली कांग्रेसका सासंदहरूले प्रदेशसभाको बैठकमै तान्डव मच्चाएका छन् ।

प्रदेशले आफ्नो प्रदेशको नामाकरण गर्न र प्रदेशको राजधानी तोक्नका लागि संविधानले प्रदेशसभालाई अधिकार दिएको छ । सत्तारुढ दलले दुईतिहाइको दम्भ देखाएर विपक्षी दललाई पेलेरै अगाडि बढ्ने नियतले राजधानी दाङमा लाने भएको हुँदा मान्य नहुने विपक्षी दलका नेता तथा सांसदहरूको भनाइ छ ।

प्रधानमन्त्री केपी ओली र नेकपाका कार्यकारी अध्यक्ष प्रचन्डबीचमा समझदारी भएपछि प्रदेश पाँचका मुख्यमन्त्री शंखर पोखरेलले प्रदेशको स्थायी राजधानी दाङको देउखुरी र लुम्बिनी नाम हुने गरी प्रदेश मन्त्रिपरिषदबाट प्रस्ताव पारित गराएका थिए । उक्त प्रस्तावप्रति सत्तारुढ दलका केही नेताहरू नै विभाजन भएका छन् ।

प्रदेशको स्थायी राजधानी तोक्न र नामाकरण गर्नका लागि आआफ्नै स्वार्थ हेरेर लुछाचुँडी गर्नु भन्दा पनि सबै पक्षलाई छलफलमा राखेर विपक्षी दलको पनि धारणा समेटेर प्रदेश पाँचमा पर्ने जिल्लाहरूलाई पायक पर्ने सबैको केन्द्र हुने गरी निर्णय गर्दा उत्तम हुने थियो । तर यहाँ त पूरै देश नै ओली र प्रचन्डको हातमा छ । उनीहरूले जे चाह्यो त्यही हुन्छ । कुनै वहस छलफल गर्नै पर्दैन । दुईजनाको चोचोमोचो मिल्यो भने शब्दमा समृद्धि पनि आउँछ विकास पनि हुन्छ । जनताले दुख पनि पाउँदैनन् ।

प्रदेशको सवालमा होस् या अन्य कुनै पनि सवालमा होस् राजनीतिक विवादहरू विभिन्न समयमा बाहिर आएको हामी सबैले महसुस गरेका छौं । सत्तारुढ दललाई सत्ताको मातले पूरै लरबराइराखेको छ भने विपक्षीहरूलाई सत्तामा जान नपाएर उकुसमुकुस भइराखेको छ । त्यही भएर सत्तारुढ दल कसैको कुरै नसुन्ने विपक्षी दल प्रक्रियागत विरोधभन्दा पनि कुर्सी माइक तोडफोड गर्ने गरी प्रदेश सभामै वितन्डा मच्चाएर दुनियाँलाई रमिता देखाउँछ ।


लोकतन्त्रमा चित्त नबुझेको विषयमा विरोध गर्न पाइन्छ । हरेक व्यक्तिलाई वाकस्वतन्त्रताको अधिकार संविधानले सुनिश्चित गरेको छ । त्यसैले सबैले स्वस्थ विरोधको सम्मान गर्न सक्नुपर्दछ । सत्ताको नेतृत्व गरेपछि सत्ताभन्दा बाहिर रहेका दलको धारणालाई पनि सम्बोधन हुने गरी व्यक्तिगत नभई सामुहिक निर्णय गर्ने थिती राजनीतिमा बसाउन जरुरी छ ।

प्रदेश सभामा विपक्षी दलले गरेको विरोध संसदीय अभ्यास विपरित देखिन्छ । संसदीय अभ्यासमा सांसदले विरोध गर्दा तोडफोडमै उत्रिनुपर्ने भन्ने हुँदैन । जनताबाट प्रत्यक्ष रुपमा चुनिएर आएका सांसदहरूले त्यसरी चित्त नबुझेर बच्चाले भाडा फ्याँके जसरी सभाभित्रै कुर्सी र माइक फ्याँक्नु संसदीय मर्यादा विपरित देखियो । संसदको गरिमालाई सांसदहरूले कायम गर्न चुकेको उक्त घटनाक्रमले प्रष्ट देखाएको छ ।

सांसदले संसदको गरिमालाई कायम राख्दै जनताका आवाज उठाउनुपर्नेमा कुर्सी फुटाएर सभाको भौतिक सामग्री नै ध्वस्त पारेर गरेको विरोधले विपक्षी दलको शिर निहुरिएको छ । मतदानको प्रक्रियामा गए पनि नेकपाका सांसद नै मत बढी भएको हुँदा सत्ता पक्षको प्रस्ताव स्वतः पारित होला तर यसले भोलि ल्याउने अशान्ति र आन्दोलनलाई नजरअन्दाज गर्न मिल्दैन । सत्तारुढ दल भनेको देशको अभिभावक हो । कुनै पनि वहानामा असन्तुष्ट आवाजहरूलाई बेवास्ता गरेर अगाडि बढ्दा दुघर्टना निम्तिन सक्ने हुँदा सबैलाई समेटेर विरोधको उच्च सम्मान गर्दै सबैको राय र सुझावलाई आत्मसात गरेर निर्णय गर्नुपर्दछ ।

संसदीय दलको बैठकमा चित्त नबुझे पनि पक्षमा नै मतदान गर्न नेतृत्वले हुइप जारी गरेको सुन्दा सांसदहरू राजनीतिक दलका गोटी हुन् कि भन्ने लाग्छ । दलभित्र फरक विचार र धारणा राख्न नपाइने हो भने के को लोकतन्त्र ? दलतन्त्र भइगो नि । पार्टीले जे भन्यो, त्यही गर्नुपर्ने नियम हो भने त्यसलाई दलगत तानाशाहीको अभ्यास भन्दा फरक नपर्ला । होइन भने फरक मान्छेका फरक विचार हुनु स्वाभाविक हो । त्यही फरक विचारको मन्थनबाट गतिलो निर्णय बन्छ तर व्यक्तिवादी होइन, सामुहिकताको भावना हुनु जरुरी छ ।

एक अर्काको फरक विचारलाई सम्मान गर्न नसकेको हुनाले नै प्रदेश पाँचको विवाद उब्जिएको हो । यही विवादका कारण सभामै सांसदहरू कुर्सी बोकेर उफ्रिए । सांसद जस्तो गरिमामय पदमा रहेर जनताको आवाज बोल्नेहरूले आफ्नो हैसियत गिर्ने गरी अगाडि बढ्नु हुँदैन भन्ने विषयको हेक्का राख्न आवश्यक छ । जनता कोरोनाले अत्तालिएका छन् । नेताहरू कुर्सी र माइक बोकेर हानाहानको अवस्थामा पुग्छन् भने जनताले यिनीहरूबाट के अपेक्षा गर्ने ?



# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-११



सुदर्शन प्रधान

त्यसैले कतै युद्ध गरेर मान्छेहरू मारेर राज्य विस्तार गरे, कतै षड्यन्त्र गरेर त कतै शक्ति प्रदर्शन गरि शान्तीपूर्ण रुपले भुरे टाकुरे राज्यहरू मिलाए । उनको कदमले एकिक्रित नेपाल बन्यो, जुन शक्तिलाई "विश्वको घाम नअस्ताउने साम्राज्य" भएको अंग्रेजले पनि स्विकार्यो र नेपालको अस्तित्व रह्यो ।

आज दशौं हजार माओवादी योद्धाका रगतले जातिय हक पायो भनेर फेरि छुट्टै सेनाहरू गठन गरि नेपाल राष्ट्रको अस्तीत्व समाप्त पार्ने ? हिजोका बाईसे चौबिसे राजा महाराजा र जिम्वुवाल, मुखिया झैं ढलिमली गर्ने सपना देख्ने ? धर्ती योद्धा हरूले सम्पूर्ण घट्नाक्रमहरूलाई गम्भीरतापूर्वक नियाली रहेछन् । यदि नेपाल राष्ट्रको अस्तीत्व संकटमा परे भने सम्पूर्ण जनजातीका नेताहरूका अस्तीत्व पनि संकटमा निश्चीत पर्नेछ भनेर सबैले बुझ्नु पर्छ ।

**अविछिन्न संघिय राज्य**

संम्वृद्धी र शक्तिसाली नेपाल राष्ट्र

अव सबैको कदम यही हुनुपर्छ । बरु त्यो कसरी प्राप्त हुन्छ ? वहस गरौं, अन्तरक्रिया गरौं ! आत्माघाटी चिन्तन र विचार कसैले नफैलाऔ ! ईतिहास र वर्तमानलाई केलाऔ ! अनी उज्जवल भविष्य, सवल र सक्षम भावी सन्ततीको लागी क्रियासिल बनौं !

नेपालको जनजाती आन्दोलन दिग्भ्रभित रुपले बत्तिनुमा माओवादी नेतृत्वहरू पनि जिम्मेवार छन् । ति आफैलाई पनि थाहा छैन कि के हो जातीय स्वायत्तता भनेको ? नेपालमा के सम्भव छ, के सम्भव छैन ? ईतिहासमा सर्वप्रथम जातिय स्वायत्तताको अधिकार सोभियत संघका जनताले पाएका थिए । विशाल राष्ट्र सोभियत रुसका राजा जारले आफ्ना वरपरका स-साना राज्यहरूमाथी शोषण, उत्पिडन, दमन र आक्रमणले ति राष्ट्रहरू आक्रान्त थिए । सन् १९१७ को अक्टोवर क्रान्ति पश्चात युक्रेन, वेलारुस, क्रिमिया, जर्जीया, उज्जेकिस्तान, किर्गीस्तान, अजरवैजान, स्टोनिया, लात्भिया जस्ता १४ वटा गणराज्यहरूसँग महान जोसेफ स्टालिनको नेतृत्वमा सम्झौता भयो कि ति राज्यहरूको भौतिक, आर्थीक, वैचारिक कुराहरूमा सोभीयत संघ, केन्द्रले मार्गदर्शन गर्ने र रक्षा, मुद्रा, परराष्ट्र केन्द्रले आफ्नो मातहत लिने तर अरु विकास, निर्माण, शिक्षा, स्वास्थ्य जस्ता कुराहरू स्वायत्त सरकारले नीति निर्माण र कार्यान्वयन गर्ने ।

हरेक राज्यले केन्द्रमा प्रतिनीधि पठाउन पाउने र नेतृत्व तहमा रहने तर दुई तिहाई बहुसंख्यक जनताले चाहेको वेला संघबाट छुट्टीएर स्वतन्त्र राष्ट्र पनि हुन सक्ने ।

स्टालिन कालभरी भनौं सन् १९५३ सम्म सबै राज्यहरूको चौतर्फी उत्थानमा स्टालिनको विशिष्ट भूमिका भनौं मार्गदर्शन भयो । अनि अद्धितिय विकास पनि । तर सन् १९५६ पछि ख्रुश्चोभ र व्रेजनेभहरू नयाँ जारको रुपमा उदय भयो । उनिहरूले रुस बाहेक अरु गणराज्यहरूमा शोषण र दमनपूर्ण नीतिहरू अपनाए, स्टालीनले स्थापना गरेको समाजवादी जगहरू भत्काउन थाले । आमजनता असन्तुष्टी र छटपटिन थाले । सन् १९९० पछि ति सबै राज्यहरू स्वतन्त्र रहे, चेचेनिया बाहेक ।

(क्रमशः)

# मैले देखेको १४३ औं विश्व सम्पदा

# वासिङ्टन मनुमेन्ट (स्मारक)

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा बगैंचा र पोखरीसहित वासिङ्टन स्मारक



स्मारकको मुख्य प्रवेशद्वार



स्मारक परिसरमा पर्यटकहरू



टावरको माथिबाट हेर्दा स्मारक परिसर



वासिङ्टन मनुमेन्टमा सुरेन्द्र अप्रिल २००३ मा



टावरभित्र विभिन्न उचाइमा रहेका दृश्यावलोकन गर्ने झ्याल

ह्वाइटहाउस परिसर अवलोकन गरिसक्दा दिनको करिब एक बजेको थियो । हामी त्यहाँबाट वासिङ्टन मनुमेन्ट अवलोकन गर्न भनी त्यतातिर लाग्यौं । ह्वाइटहाउसबाट अन्दाजी १० मिनेटको दूरीमा रहेको यो मनुमेन्ट क्षेत्रमा हामी टहल्दै पुगेका थियौं ।

वासिङ्टन मनुमेन्ट

बेलायती उपनिवेशबाट अमेरिकालाई मुक्त गर्ने सेनाका कमाण्डर तथा स्वतन्त्रतापछिको अमेरिकाको पहिलो राष्ट्रपति जर्ज वासिङ्टनको स्मरणमा यो क्षेत्रको विकास गरिएको रहेछ । करिब ४३ हेक्टरमा फैलिएको यस स्मारक क्षेत्रमा बनेको टावरको अग्लाइ भने १६९ मिटर रहेछ । सन् १८४८ मा निर्माण सुरू गरिएको यस क्षेत्रको काम सम्पन्न भने १८८४ मा भएको रहेछ । २० माइल परको मेरीलैण्डको ढुंगा खानीबाट ल्याइएको ढुंगाको प्रयोग गरेर निर्माण गरिएको संसारकै अग्लो स्तम्भमा गनिने यस स्मारक टावर फ्रान्सको आइफिल टावर नबनुन्जेल विश्वकै अग्लो मानव निर्मित संरचनाभित्र पर्दो रहेछ ।

सन् १८४८ मा निर्माण सुरू हुनासाथ ५ वर्ष कामले गति लिएको तर सन् १८५४ देखि १८७७ सम्म गरी २३ वर्ष निर्माण कार्य ठप्प भएको रहेछ । त्यसको कारण एकातिर निर्माणको लागि आवश्यक कोषको अभाव र अर्कोतिर अमेरिकी गृहयुद्ध रहेछ । पछि १८३६ बाट निर्माणको लागि चन्दा संकलन सुरू भई २८००० हजार डलर संकलन भई निर्माणको डिजाइन खर्च जुटेको रहेछ ।

यस स्मारकको इतिहास खोतल्दा अमेरिकन स्वतन्त्रता संग्राममा भएको विजयलगत्तै यसको स्मरण हुनु पर्दछ भन्ने माग अमेरिकन जनताबाट उठेको रहेछ । घोडामा सवार भएका प्रथम राष्ट्रपति जर्जवासिङ्टनको मूर्तिसहितको स्मारक बन्ने आधिकारिक घोषणा सन् १७८३ मानै भए तापनि सन् १७९९ मा उनको मृत्यु भएपश्चात् मात्रै स्मारकको निर्माण सुरू भएको रहेछ ।

पछि कोष संकलन कार्यले पनि गति लिई स्मारकको बाहिरी संरचना निर्माण सम्पन्न हुन सन् १८८४ सम्म कुर्नुपरेको रहेछ । तत्पश्चात भित्री संरचना पूर्ण गर्न अर्को ४ वर्ष लागेको हुँदा सन् १८८८ मा यसले पूर्णता पाई त्यसै वर्षको अक्टोवरमा यस स्मारक क्षेत्रको उद्घाटन भएको रहेछ । यस स्मारक क्षेत्रको मौलिक डिजाइन आर्किटेक्ट रोवर्ट मिल्सले गरेका रहेछन् ।




टावरको माथिल्लो भागको पिरामिड

टावरको जगको भित्ताको मोटाइ करिब ४ दशमलव ६ मिटरको भए तापनि पिरामिड शैलीमा त्यो साँघुरिदै गएर टुप्पामा पुग्दा शून्य दशमलव ४६ मिटर हुन पुगेको रहेछ । टावरको टुप्पामा रहेको सिंगमरमरले बनेको पिरामीडको झनै टुप्पामा आलमुनियमको पिरामिड रहेछ जस्को चारै भागमा धातुलेखन गरिएको रहेछ । यस टावरको पहिलो चरणको अग्लाइ ४५ दशमलव ७ मिटर ढुंगा र बज्रले बनेको र दोस्रो चरणको अग्लाई १०६ दशमलव ७ मिटर ग्रेनाइट सिंगमरमरले बनेको रहेछ ।

टावरको भित्र घुमाउरो फलामको भऱ्याङ रहेछ । भऱ्याङ चढेर स्मारक टावरको टुप्पामा पुग्दा विभिन्न उचाइमा गरी आठवटा दृश्यावलोकन गर्न बनाइएका झ्याल रहेछन् । वार्षिक ५ लाखभन्दा बढी पर्यटकहरू विश्वका विभिन्न देशबाट यस टावर चढी दृश्यावलोकन गर्न आउँदा रहेछन् । टावरको वरिपरिको भागमा रहेका पोखरी, बगैंचा र रूख बिरूवाहरू निकै आर्कषक रहेछन् । वातावरणीय दृष्टिकोणबाट पनि अति नै मनमोहक यस स्मारक क्षेत्रमा हामी करिब दुईघण्टा घुमी बेलुकी आफ् नो वासस्थानतर्फ लाग्यौं । त्यसको भोलिपल्ट अप्रिल ६ को दिन हामी पुनः न्यूयोर्क फर्की त्यहाँबाट जर्मनीको फ्रान्कफर्ट हुँदै अप्रिल ७ का दिन काठमाडौं फर्कियौं ।

# ३७. स्वास्थ्य परीक्षण र उपचारको निम्ति म श्रीमतीसहित वनारस भएर कलकत्ता जाँदा




■ शम्भुराम श्रेष्ठ

जेलमा मेरो स्वस्थ्य एकदमै बिग्रेको थियो। एकपटक राम्ररी स्वास्थ्य परीक्षण गराउनु आवयक भइरहेको थियो। हामीहरू जेलमा छँदै मजदुर वर्गको नेतृत्वमा चल्ने जनताको जनवाद र पुँजीपति वर्गको नेतृत्वमा चल्ने राष्ट्रिय पुँजीवादका सवाललाई भएको सैद्धान्तिक मतभेदको परिणामस्वरुप भारतीय कम्युनिस्ट पार्टी माथिदेखि तलसम्मै समानान्तर रुपले फुटी दुई समूहमा विभाजित भइसकेको थियो। तीमध्ये ठूलो समूह, अर्थात् भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को अस्थायी हेडक्वाटर कलकत्तामा राखिएको थियो। का.नम्बोदरीपाद त्यस समूहका महासचिव थिए। सन् १९६० मा मस्कोमा आयोजित विश्वका ८१ कम्युनिस्ट पार्टीहरूको सम्मेलनमा सोभियत कम्युनिस्ट पार्टीको वनसंशोधनवादी खुस्चोभद्वारा प्रस्तावित तथा प्रतिपादित 'राष्ट्रिय प्रजातन्त्र' को हामीले मस्को सम्मेलनकै दैरानमा नै विरोध गरिसकेका थियौं। यस सैद्धान्तिक मामलामा हाम्रो विचार भा.क.पा (मार्क्सवादी) सँग मिलेकाले उहाँहरूसँग एक पटक भेटघाट गर्ने र कलकत्तामै स्वास्थ्य परीक्षण पनि गर्ने विचारले मैले यस सम्बन्धमा का.नम्बोदरीपादलाई एउटा चिठी लेखी पठाएँ। केही दिनपछि नै 'तपाईंलाई जहिले अनुकूल हुन्छ मिलाएर तपाई कलकत्ता आउनुहोला। तपाईंलाई जहिले पनि हाम्रो स्वागत छ।' भनी लेखिएको उत्तर प्राप्त भयो। त्यहाँ जानलाई र त्यसमा पनि श्रीमती समेत जाने भएकाले अलि बढ्तै पैसाको आवश्यकता थियो।

हामीलाई भने जहिले पनि पैसाको खाँचो र अभाव भइरहन्थ्यो। दुई चार हजार रुपैयाँ जम्मा गर्नका लागि पनि केही समय लाग्यो। त्यति पैसा जम्मा भएपछि मैले पुष्पलाललाई वनारसमा भेटेर कलकत्ता जाने विचार गरेँ। पार्टीको भक्तपुर जिल्ला कमिटीको तत्कालीन सचिव गणेश मानन्धरले (उहाँ अहिले हामीहरूको बीचमा हुनुहुन्न। उहाँको निधन भएको पनि धेरै वर्ष भइसक्यो) मेरो श्रीमती र मेरो लागि पाटनासम्मको इन्डियन एयर लाइन्सका दुइटा टिकट किनिदिनुभयो। पटनासम्म हवाईजहाजबाट गएकाले काठमाडौंबाट हिँडेकै दिन साँझपख हामीहरू वनारस पुग्यौं। पार्टी कार्यालयमा पुष्पलालसँग भेट भयो र एकदमै खुसी लाग्यो तर उनलाई हृदयघात भएको सुन्दा साह्रै दुःख लाग्यो। भर्खरै मात्र निको भएको रहेछ। यसकारण बिहान र साँझ दुवै छाक अरहरको दालसँग सुख्खा रोटी त्यो पनि दुई दुइटा मात्र खानु भनिएको रहेछ। त्यसरी हृदयघात भइसक्दा पनि पुष्पलालले आफ्नो खाने बानी छाड्न सकेको रहेनछ। त्यो एउटा ठूलो समस्या नै भइरहेको थियो भनेर उनका साथीहरूले मलाई भन्थे।

हामी अर्थात् मेरी श्रीमती र म १२ दिन जति वनारसमा बसेर कलकत्ता गयौं। त्यो भारतमा इन्दिरा गान्धीले पार्लियामेन्ट विघटन गरी भारतीय जनताका मौलिक अधिकारहरू हनन गरी तानाशाही चलाइरहेको र उनकै अगुवाइमा नवसंशोधनवादी सोभियत सरकारको समर्थन र सहयोगमा लाखौंलाखको संख्यामा भारतीय सेनाले पूर्व पाकिस्तानमाथि आक्रमण गरेबाट पूर्वी पकिस्तान पश्चिम पाकिस्तानबाट अलग्गिई स्वाधीन बंगलादेश स्थापना भएको घोषणा पत्र भएको संगीन समय थियो। जसको अर्थात् पूर्वी पाकिस्तानमाथि भएको उक्त भारतीय सेनाद्वारा भएको अतिक्रमणको विरोधमा काठमाडौं र पाटनमा ठूलठूला आमसभाहरूको आयोजना गरी मनमोहन अधिकारी, मोहनविक्रम र मैले बोलेका थियौं। भारतमा इन्दिरा गान्धीको तानाशाही मुनि भारतीय जनता कतिसम्म त्रसित थिए भन्ने कुरा मैले त्यसबेला अनुभव गरेँ।

कलकत्ताको हावडा रेल्वे स्टेसन पुगेपछि ट्रेनबाट ओर्लेर हामीहरू सोझै वेलिङटन स्क्वायर नजिकै का.रामबाबु कार्कीको घर (डेरा) मा गयौं। त्यहाँ नुहाइधुवाई गरी भात खाइसकेपछि का.रामबाबु कार्कीलाई साथमा लिएर का.अयोध्याप्रसाद सिंहको घरमा गएँ। उहाँ सीपीआइ (एम) को बंगाल प्रान्तीय कमिटीका सदस्य भएकाले हाम्रो एक भ्रातृ कामरेड मात्रै हुनुहुन्थ्यो, वल्की सन् १९४९ मा का.पुष्पलालले कलकत्तामा हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी स्थापना गर्दादेखि नै बंगाल पार्टीले उहाँलाई हाम्रा पार्टीको पोलिटब्युरो सदस्य जस्तै भएर हाम्रो पार्टीलाई आवश्यक सबै कुरामा मद्दत गर्ने गाइडको रुपमा खटाइ पठाएको थियो। त्यसैले उहाँ हाम्रो आफ्नै पार्टी कामरेड जस्तै हुनुहुन्थ्यो र हामीहरू कलकत्ता जाँदा सबभन्दा पहिले उहाँकै घरमा जाने गर्थ्यौं। उहाँसँग भेट भएपछि हामी सोझै पार्टी हेडक्वाटएर गयौं। पार्टी हेडक्वार्टर पुगेपछि का.नम्बुदरीपाद र अरु प्रमुख कामरेडहरू पनि केही दिनका लागि कलकत्ता बाहिर गएका छन् भन्ने थाहा भयो। अनि हामीहरू का.रामबाबुकै घरमा फर्क्यौं। भोलिपल्ट का.रत्नलाल ब्राह्मणले दार्जिलिङको माहिल बाजे जसको बारेमा मैले अगाडि उल्लेख पनि गरेको छु) म कलकत्ता आएको छु भन्ने कुरा थाहा पाएछन् क्यारे। उनले वालिगन्जस्थित आफ्नो डेरामा बोलाउनुभयो। भोलिपल्ट का.रामबाबु र म उहाँको डेरामा गयौं। एकछिन सामान्य कुराकानी भयो र त्यसपछि उनले हामीप्रति असन्तोष व्यक्त गर्दै पूर्वी पाकिस्तानमा भारतीय सेनाले आक्रमण गरी पाकिस्तानलाई टुक्र्याएको कुराको हामीहरूले काठमाडौंमा विरोध गरेकाले सिंगै सीपीआई (एम) नै नेपाली कामरेडहरूसँग रिसाएको छ र त्यसरी विरोध गर्नुभन्दा अगाडि कमसेकम हामीसँग (अर्थात् सीपीआईएम) सँग सोध्नु त पर्थ्यो' भनेर का.नम्बुरीपाद लगायत सबै कामरेडहरू कराइरहेका छन् भनी सुनाउनुभयो। अनि मैले त्यसको प्रतिवाद गर्दै भनें- आफूलाई मन परेन भन्दैमा अर्काको मुलुकमा आक्रमण गर्नु, त्यहाँको सरकारलाई विस्थापित गर्नु र मुलुकको अस्तित्वलाई मेटिदिनु कस्तो न्याय हो, कहाँको न्याय हो ?' उहाँ चुप लाग्नुभयो। फेरि मैले प्रश्न गरेँ- 'यदि हामीले पूर्वी पाकिस्तानमाथि भारतले आक्रमण गरेको कुराको विरोध गर्नुअघि यहाँको पार्टीसँग सोध्नुपर्छ भने यहाँको पार्टीले के हामीसँग सोधेर पूर्वी पाकिस्तानमाथि भारतले गरेको आक्रमणको समर्थन गरेको थियो ?' का.माहिला बाजेसँग मलाई जवाफ दिने कुनै कुरा नै भएन र अनि एकदमै चुप लाग्नुभयो। सीपीआइएमको हैकमवादी प्रवृत्ति देखेर मलाई रिस उठ्न थाल्यो। 'म यहाँ स्वास्थ्य परीक्षण गराउन आएको यस अवस्था त्यो गराइरहनु पनि भएन र अब म यहाँ अरु कसैलाई भेटघाट गर्न पनि चाहँदिन' भनी मैले भनेपछि उनले 'तपाईं यहाँ आउनु भएको थाहा पाएर का.ज्योति वसुले तपाइंसँग भेट्न चाहिरहनुभएको छ र भेट्ने समय मिलाउन मलाई अन्हाइरहनुभएको छ। अरु कामरेडहरूसँग नभेटे पनि कमसेकम उहाँसँग एकपटक त तपाईंले भेट्नैपर्छ।' भनी कर गर्न थाले। भोलिपल्ट नै पार्टीको प्रान्तीय कमिटीको कार्यालयमा भेटने मिलाइयो। ठीक समयमा मलाई लिन का.माहिला बाजे का.रामबाबुको घरमा आउनुभयो। भेटघाटको दौरानमा का.ज्योतिबसुले पूर्वी पाकिस्तानमाथि भारतद्वारा भएको आक्रमणबारे उल्लेखसम्म नगरी 'कहिलेकाहीँ कामरेड पुष्पलाल यहाँ आएर हामीसँग आर्थिक सहयोग माग्नुहुन्थ्यो र हामीले सकेको सहयोग गर्नु हाम्रो अन्तर्राष्ट्रिय कर्तव्य हो र तपाईं यहाँ आउनुभएको बेला यसबारे अवगत गराइदिनुपर्छ भनी भन्नुभयो केही बेर यताउतिको कुरा भयो। म त्यहाँबाट फर्कें।

कथा

# समयको फेरो (२)

■ लक्ष्मी उप्रेती

उनको भान्छामा पाकेको खानेकुराहरू मेरा लागि आउनै छाड्यो। विप्लवीकी आमाको पनि व्यवहार बदलिन थाल्यो। बिस्तारै उनीहरूले त्यो विदेशबाट आएको केटालाई नजिक बनाउँदै गए।

एकातिर दिन प्रतिदिन आमाको बिग्रँदो स्थितिले म चिन्ताग्रस्त थिएँ भने अर्कातिर विप्लवीको यस्तो प्रकारको व्यवहार देखेर म झन् विक्षिप्त भएँ। यसरी नै तीन महिना बिते। अन्तमा आमालाई निको नहुने रोग क्यान्सर लागेको थाहा पाएँ। त्यस्तो अवस्थामा पनि विप्लवीले मलाई सहानुभूतिसम्म दिइनन्। बरु मेरै अगाडि त्यो केटासँग हाँसी-हाँसी हिँड्न थालिन्।

यस्तो देखेर मलाई सहन निकै गाह्रो पर्‍यो। एक दिन उनलाई उनकी आमाकै अगाडि विप्लवी, आमालाई क्यान्सर भएछ। यसबेला तिम्रो साथ भएन भने म विचलित हुन्छु। तिमीले मेरो पीडालाई बुझ्ने छौ भनेर भावविभोर हुँदै भनेँ।

त्यति भन्दा पनि विप्लवीमा कुनै परिवर्तनका रेखाहरू देखिएनन्। मेरो कुरा सुनी मात्र रहिन्। उनकी आमाले पनि केही भनिनन्। त्यस दिनको मेरो भनाइले उनीहरूलाई के प्रभाव पार्‍यो कुन्नि मलाई थाहा छैन, तर त्यसको चारपाँच दिनपछि विप्लवीको त्यही केटासँग बिहे हुँदैछ भन्ने सुनेँ। यो खबरले एक्कासि मलाई ठूलो चोट पर्‍यो र पनि पहिलो प्रेमको विश्वास जोगाएर निरीह हुँदै विप्लवीनिर गएर विप्लवी, तिम्रो बारेमा मैले सुनेको कुरा ठीक हो भनेर आत्तिँदै सोधेँ।

मेरो निरीहताको मतलबै नराखी "हो नि १ मेरो बिहे भन्दा तपाईं आत्तिनु पर्ने कुरा के छ र ?" उनले रुखो जवाफ दिइन्। उनको यस्तो जवाफले मलाई झन् घायल बनायो। मैले केही पनि सोच्न सकिनँ। मुटुकै टुक्रा झिकेँ झैँ गरी मन दुख्यो र पनि विप्लवीसँग छुटिएँ।

त्यहाँदेखि त झन् उनले मसँग भेट्नै चाहिनन्। केही दिनमा उनको त्यही केटासँग बिहे भयो र उनी पनि उससँगै विदेश गइन्। एकातिर आमा निको नहुने रोगबाट पीडित र अर्कातिर प्रेममा पाएको धोका सहन निकै गाह्रो परेर म विचलित भएँ।

मेरो चिन्ताले आमाको रोग झन् थपियो। अनि एक दिन "बाबु, बरु डाक्टरलाई सोधेर औषधिहरू लिएर घर नै जाऊँ। यहाँ मलाई झन्झन् गाह्रो भयो। तँ पनि एक्लै छस्। गाउँमा त छरछिमेकीहरूले पनि सहयोग गर्छन्। गाउँमा राम्रा गतिला तँलाई माया गर्ने केटी छन्। म मर्नुअघि नै तेरो बिहे गरेर बुहारीलाई आफैँ भित्र्याउन पाए सन्तोष हुन्थ्यो। त्यसैले नानी उतै जाऊँ।" आमाले मलाई फकाउनु भयो।

मेरो सपना टुटिसकेर म निराश भएको बेला, म प्रेमपीडामा विक्षिप्त भएर केही पनि सोच्न नसक्ने भई विचलित भएको स्थितिमा आमाको स्याहार गर्न सकेको थिइनँ। यहाँ आमाको लागि सोच्ने अरू कोही थिएनन्। त्यसैले विप्लवीको घर सधैंका लागि छोडेर अन्धकारमा रुमलिँदैं बिरामी आमालाई लिएर आफ्नै गाँउको घरमा गएँ।

गाउँमा छिमेकीहरू आमालाई सहानुभूति दिन, सेवासहयोग गर्न आइरहन्थे। आमा जोसँग पनि छोराको बिहे गरिदिएर मेरै हातले बुहारी भित्र्याउन पाए मलाई सन्तोष हुन्थ्यो भनेर भनिरहनु हुन्थ्यो। आमाको यो इच्छा नचाएर पनि स्वीकार्न म बाध्य भएँ। फलतः गाउँ गएकै दुई महिनामा मेरो विवाह दिप्ती नामकी केटीसँग भयो। मेरो बिहेमा बिरामी आमा पनि उजेलिनु भएर दिप्तीलाई भित्र्याउनु भयो। जब दिप्ती मेरो जिन्दगीमा आइन् तबदेखि मेरो जीवनले अर्को मोड लियो। दिप्तीले आमाको स्याहारसुसारमा कुनै कमी राखिनन्। आमाको पीडा बढ्दै गए तापनि बुहारी भित्र्याउन पाउँदा उहाँ खुब खुसी हुनु भयो। दिप्तीको साथ पाएर आमालाई सेवा गर्दा गर्दै दिन बित्दै गयो।

आमालाई रोगले झन्झन् च्याप्न थाल्यो। आमा रोगको पीडा सहन नसकेर खुब छटपटाउनु हुन्थ्यो। हामी हेरिरहन्थ्यौँ, तर केही गर्न सक्दैनथ्यौं। हेर्दाहेर्दै हाम्रै अगाडि आमा बित्नु भयो। आमाको मृत्युले मलाई निकै नै कमजोर बनायो। दिप्तीले मेरो पीडा र दुःखका हरेक क्षणमा साथ दिँदै सुमसुम्याइरहिन्।

आमाको मृत्यु भएपछि मलाई गाउँ बस्न पटक्कै मन लागेन। जागिर र पढाइ सबै छाडेर आमालाई लिएर गाउँ आएपछि मेरो जीवनको उद्देश्य नै अलमलिएको थियो। त्यसैले आमाले दिएको आज्ञा अनुसार एक वर्षपछि त्यहाँको खेतबारी बेचेर हामी काठमाडौं आयौं। काठमाडौं आएको केही समयपछि पुरानै कम्पनीमा म फेरी काम गर्न थालेँ। दिप्ती पनि एउटा प्राइभेट स्कुलमा पढाउन थालिन्। हाम्रो जीवन राम्ररी बित्दै गयो।

दिप्तीको साथले पेन्टिङलाई फेरि निरन्तरता दिदैं प्राइभेटबाट डिग्री पनि पूरा गरेँ। वास्तवमा दिप्ती जस्ती समझदार जीवनसाथी पाएर मैले विप्लवीलाई बिर्सदै गएँ। यसबेला एक वर्षको छोरो छ हामीलाई आनन्दले भुलाउने।

आमाको आशीर्वाद र दिप्तीको साथले चित्रकलाको माध्यमबाट आज म पुरस्कृत भएर फ्रान्सको पेरिसमा आइपुगेँ। यत्रो ठूलो पुरस्कार प्राप्त गरेको आजको मेरो सुखद दिनमा विप्लवीसँगको विगतले मलाई विक्षिप्त बनायो। आज उनीसँगको भेट मेरो लागि कस्तो दुर्भाग्य बन्यो ?

प्रतियोगिताका लागि मैले पनि नेपालबाट पेन्टिङ पठाएँ, त्यसमा पुरस्कृत भएँ। मलाई समय र स्थान तोकेर निमन्त्रणा गरियो। म आएँ, जीवनमा अर्कै सपना सजाउँदै। तर जिन्दगीको यात्रा सोचेजस्तो कहाँ हुँदो रहेछ १ यहाँका सञ्चारस्रोतहरूले प्रचारप्रसार गरेरकाले फ्रान्समा रहेका नेपालीहरूले थाहा पाएछन्। अनि गौरवका साथ मलाई बधाई दिन पुरस्कार समारोह स्थलमा नेपालीहरू आएछन्।

पुरस्कार लिएर जब म बाहिर निस्किएँ, तब नेपालीहरूले हार्दिकताका साथ मलाई बधाई दिए। अलिकति मुख छोपेर निरीह भएर एउटी महिला आँखाका डिलमा आँसु भरेर उभिरहिन्। चिने झैँ लागेर म उनी नजिक गएँ। छोपेको मुख देखाइन् उनी विप्लवी थिइन्। त्यहाँ उनी केही पनि बोल्न सकिनन्,आँसु बरबरी झार्न थालिन्।

म बस्ने होटलको कार्ड उनलाई दिंदै म भोलिसम्म यही होटलमा बस्छु, तिमी आउन सक्छयौ भने भोलि बिहान आठ बजे आइपुग्नू, हामी नास्ता सँगै गरौलाँ भनेँ। हुन्छ १ भन्दै उनी फरक्क फर्किएर एक निमेषमै भिडबाट ओझेलिइन्।

विप्लवी बिहान ८ बज्नुभन्दा अघि नै आएर होटलको काउन्टर अगाडि मलाई पर्खिएर बसिरहेकी रहिछन्। उनलाई देखेपछि नास्ता लिने ठाउँतिर बोलाउँदै नास्ता लिएर हामी दुइटा कुर्सी भएको टेबलमा गएर बस्यौं। अनि मैले नै "विप्लवी तिमी आफ्नो श्रीमान्सँग खुसी नै छयौ हैन त ?" कुरा सुरु गरेँ।

मेरो प्रश्न सुनेर उनी एकाएक बरबरी आँसु झार्दै रुन थालिन्। वरिपरिका मानिसहरूले के भन्लान् भनेर मलाई अफ्ठेरो लाग्यो। अन्यौलग्रस्त हुँदै म चुप लागिरहेँ। एकछिन रोएपछि आँसु पुछ्दै "मलाई माफ गर्नुहोला। तपाईंलाई धोका दिएर मैले ठूलो गल्ती गरेँछु, जुन गल्तीको कारण तपाईंका सामु पर्न पनि आफैँलाई लाज लाग्छ। जोसँग बिहे गरेर म यहाँ आएँ, उसले छ महिना अगाडि विदेशी केटीसँग अर्को बिहे गरेर कुनै खबर, कुनै ठेगाना समेत नदिई मलाई यहाँ अलपत्र छाडेर कहाँ गए कहाँ, म एक्लै छु यो अर्काको मुलुकमा। यहाँ मैले थुप्रै मानसिक र शारीरिक यातना भोग्नु पर्‍यो। ती दिनहरूमा तपाईंलाई सम्झेर औधी तड्पिन्थेँ। आमा पोहोर बित्नु भयो," घुक्कघुक्क रुँदै वेदनाले भरिएको स्वरमा विप्लवीले भनिन्।

पहिलो प्रेम गरेकी विप्लवीको यस्तो स्थिति देखेर मलाई भित्रभित्रै पीडा भयो। उनलाई यस्तो बिचल्लीमा छाडेर म कसरी जान सक्थेँ र ? त्यसैले "तिमी नेपाल नै फर्क त्यसो भए। यहाँ किन एक्लै बस्छ्यौ त" भावुकताकासाथ मैले भनेँ। अत्तालिँदै "हुन्छ १ म पनि तपाईंसँगै जान्छु न त" आशातीत भावमा उजेलिँदै विप्लवीले भनिन्।

सायद विप्लवीले मसँगै नै जीवन बिताउने आशा गरेर यसो भनेको होला। मेरो दाम्पत्य जीवनका कुरा यिनलाई थाहा नहुन सक्छ। त्यसैले मेरा आफ्ना कुरा भनेरमात्र उनलाई सहयोग गर्छु भन्ने सोचेर "नेपाल फर्कनका लागि मेरो आजको रिर्जभेसन छ। तिमी पनि मसँगै जाने भए तिम्रो टिकट मिलाउनका लागि मेरो रिर्जभेसन क्यान्सिल गर्छु। तर तिमीलाई मेरा केही कुरा भन्छु। मलाई बुझ्ने मेरो दुःख सुखमा साथ दिने मेरी जीवनसाथी दिप्ती छिन् र हाम्रो एक वर्षको छोरो पनि छ। म उनलाई धोका दिन्नँ। त्यसैले तिमीलाई मित्रलाई गर्न सक्ने सहयोग मात्र गर्न सक्छु, त्यसभन्दा बढी म केही गर्न सक्दिनँ" उनी भ्रममा नपरून् भन्ने सोचेर उनको अनुहार हेर्दै आफ्ना कुरा भनेँ।

मेरो कुरा सुनेपछि उनी निरीह बनेर मलाई हेरेर टोलाइरहिन्। केही बोल्न सकिनन्। एकछिनपछि अनौठो अनुहार लगाउँदै बल गरेर भनिन् "भै गयो त। तपाईंलाई दुःख दिन्नँ" एकछिन चुप लागेर फेरि अवरुद्ध आवाजमा बोलिन् "अब मैले नेपाल कस्का लागि जानु र ?" बरर आँसु खसालेर त्यहाँबाट जुरुक्क उठेर सुरु-सुरु हिँडिन्।

होटल बाहिरसम्म म उनको पछि लाग्दै विप्लवी.....विप्लवी भनेर कराएँ। तर उनी पछाडि नफर्कीकन अगाडि बढिन्। उनलाई रोक्न उनी पछि-पछि अलि परसम्म गएँ तर उनी दौडँदै अगाडि बढेकाले भेट्ने आसै भएन। फेरि उनलाई पछ्याउँदै टाढा टाढासम्म जान सक्तिनथेँ। किनभने बिरानो ठाउँ म कतै अलमलिएर बाटो फरक पर्‍यो भने मेरो प्लेनको समय फुत्कन सक्ने डर थियो। त्यसैले उनलाई हेरिरहेँ... बस हेरिरहेँ, जबसम्म मेरो दृष्टिबाट उनी ओझेलिइनन् तबसम्म हेरिरहेँ। क्षितिजमा सेता बादलका थुम्काले सजिएको नीलो आकाशको मनमोहक दृश्यले पनि मलाई छोएन, कावा खाइरहेका चराका लामले पनि मलाई प्रभाव पारेन। बरु सूर्यको तेजस्वी किरणबाट सुटुक्क छिरेको चिसो हावा मेरो एकाग्रता भङ्ग हुने गरी कानमा साहुती मार्दै अगाडि बढ्यो। मेरो मस्तिष्कमा स्पर्श गर्दै मन फर्कायो। *(समाप्त)*

मुक्तक

## उदास

जब मेरो मन उदास हुन्छ
थाहा हुन्न किन कोही आसपास हुन्छ
मनमा लुकाएर राखे पीडा
सबैको सामु बोले उपहास हुन्छ
अवश्य हुन्छ तर केही समयपछि
सत्यको सदा विजय र झूटको नास हुन्छ
किन सबैले बिर्सिए भन्न
आमा धर्ती भए बा आकाश हुन्छन्।

## पाइलाहरू

पत्थर जस्तै त थिएँ म
तर मैनझैँ गल्नेहरू पनि देखेँ
तिम्रै हुँ म भन्नेहरू हिजो
आज अन्तै चल्नेहरू पनि देखेँ।

नजिक बस्दा त म
सपनाकी राजकुमारी तिमी अरे
हिँड्दाहिँड्दै दोबाटोमा हात छोडी
छल्नेहरू पनि देखेँ।
हरेक अधुरा सपना
म पूरा गरिदिन्छु भन्दै
थाकेको घाउमा फेरि
छुरा रोप्नेहरू पनि देखेँ।

दिलाउँछु तिमीलाई विश्वास
मेरो मनभित्र भन्दाभन्दै पनि
धनको आगोमा हामफाल्दै
जल्नेहरू पनि देखेँ।
पाइला फेर्नेहरू नि भेटेँ।



● सञ्जु ओली
(दोलखा)

स्वास्थ्य

# गुर्जोका औषधीय गुण



नेपालमा धेरै ठाउँमा घर वरिपरि वा गमलामा रोपेर नियमित प्रयोग गर्न सकिने लहरे जडिबुटी गुर्जोले अमृत समान काम गर्छ। यसको लहरा लामो समयसम्म सुक्दैन। यसको प्रयोग मात्रा मिलाएर गर्नुपर्छ नत्र शरीरलाई हानि पुऱ्याउँछ।

**गुर्जो सेवन गर्ने विधि**

- ताजा गुर्जोको लहरा १० देखि ३० ग्राम सिलौटो, खल वा मिक्स्चरमा पिसेर पानी राखी उमाल्ने आवश्यकता अनुसार अन्य जडिबुटी तथा मसला पनि संगै उमाली रस छान्ने। त्यसपछि १ चम्चा मह वा मिश्री मिलाएर नियमित विहान पिउने।
- सामान्य अवस्थाको रोगी वा निरोगी व्यक्तिले तल दिइएको विभि अनुसार गुर्जोको सेवन गर्न सकिन्छ। तर व्यक्तिको उमेर र रोगको अवस्था अनुसार फरक मात्रा र विधिबाट प्रयोग गर्नुपर्दछ। अनुभवी वैद्य वा आयुर्वेदिक डाक्टारको सल्लाह अनुसार प्रयोग गर्नाले पूर्ण रुपमा लाभ पाउन सकिन्छ।
- बेलुकी पिसेर पानि मिलाएर राख्दा विहान भाँडोको पिंधमा सेतो मिश्रीको धुलो जस्तो सेतो गिलोय सत जमेको हुन्छ। त्यस सतलाई मात्र खाए पनि हुन्छ।
- हप्तामा १–२ पटक मात्र गुर्जोको जुस पिउन सकेमा पनि धेरै लाभ मिल्छ।
- टुक्रा बनाएर सुपारी जस्तै चपाउँदै खान पनि सकिन्छ।
- सुकेको गुर्जोको धुलो ४ देखि १० ग्राम १ चम्चा मह वा मिश्री तातो पानीमा मिलाएर विहान बेलुका सेवन गर्ने।
- ताजा गुर्जोको सेवनले कम्तीमा ३/४ महिना भित्र शरीरमा अद्भुत परिवर्तन ल्याउँछ।

**गुर्जोको फाइदाहरू**

- यसले जन्डिस, कलेजोको कमजोरी र विकारलाई हटाउँदछ।
- युरिक एसिड तथा वाथ र जोर्नी दुखाइको समस्याहरूमा गुर्जो लाभकारी छ।
- गुर्जो शितल गुण भएकोले यसले गर्मीबाट टाउको दुखेको, आँखा, पिसाब, पैताला, हात९ खुट्टा तथा जीउ पोलेको र पुरानो ज्वरोलाई अत्यन्तै उपयोगी छ।
- किड्नीको दुर्बलता तथा फोहोर विकारलाई हटाएर पिसाब सम्बन्धि सम्पुर्ण समस्या/रोग हरूमा धेरै लाभ पुऱ्याउँछ।
- गुर्जोले इन्सुलिन उत्पादनमा सहयोग गरी मधुमेहमा लाभ पुऱ्याउँछ।
- गुर्जो सबै किसीमका रोगी र निरोगीले पनि प्रयोग गर्न सकिने जडिबुटी खुराक पनि हो।।
- रक्तविकार रगतको फोहोर खराबी हटाउँदछ साथै रक्तअल्पता रगतको कमी हुन दिँदैन्।
- अम्लपित्त -अमिलो पानी मुखमा आउने र पेट पोल्ने उल्टी आउने बिरामीलाई निकै उपयोगी छ।
- टि.बी. (क्षयरोग) का किटाणुहरूलाई समेत गुर्जोले रोक्ने काम गर्दछ।
- गुर्जो इम्युन पावर बढाउन अत्यन्तै उपयोगी छ। त्यसैले गुर्जोले कोरोना, स्वाइन फ्लु, वर्ड फ्लु, डेंगु, भाइरस, जिवाणु किटाणु तथा विषाणुहरूलाई समेत रोक्ने साथै लड्ने क्षमता बढाउँछ।
- उच्च रक्तचापको रोगीलाई पनि यसले धेरै फाइदा पुऱ्याउँछ।
- गुर्जोको प्रयोगले मुटुलाई बलियो बनाई मुटु सम्बन्धि रोगमा फाइदा गर्दछ।

**ध्यान दिनु पर्ने कुराहरू**

○ चिसो लागेको र संवेदनशील तथा कमजोर (जीर्ण) अवस्थाका विरामीले उमालेर छानेर सेवन गर्नु पर्दछ।

○ प्रेसर लो छ भने हरियो बोक्रा फालेर मह, मिश्री, सखर वा बिरेनुन मिलाएर आधा मात्रा खानुपर्छ।

○ गर्भवती, दुधपान गराइरहेकी आमा, ५ वर्षमुनिका बच्चा, पखाला लागेका बिरामीले यसको प्रयोग गर्नु हुँदैन।

# विश्व गतिविधि : कहाँ के के भयो ?

## जापानी प्रधानमन्त्री सुगा देश र जनताप्रति उत्तरदायी बन्ने



जापान । सत्तारुढ दल लिबरल डेमोक्रयाटिक पार्टीका प्रमुख योशिहिदे सुगा प्रधानमन्त्रीमा निर्वाचित भएपछि उनले देश र जनताको लागि काम गर्न आफू सँधै प्रतिबद्ध रहेको बताए । 'मेरो लगाव सवै देश र जनताका लागि हुनेछ, म त्यसैका लागि काम गर्नेछु,' उनले भने । उनी सन् १९९१ मा प्रधानमन्त्री बन्नु भएका किचि मियाजावापछि सवैभन्दा पाको उमेरको प्रधानमन्त्री भएका छन ।

उनले आफुले सवैभन्दा बढी प्राथमिकता कोरोनाविरुद्धको लडाइँमा दिने र जापानी अर्थतन्त्रलाई पुरानै अवस्थामा फर्काउने बताए । त्यसका लागि सवैको तर्फबाट सहयोग प्राप्त हुने विश्वास पनि उनले व्यक्त गरे ।

उनको मन्त्रिपरिषदमा पूर्व अर्थमन्त्री तारो असो र विदेश मन्त्री तोशिमित्सु मोतेगी दोहोरिने संभावना देखिएको छ । सुगाले यसअघि लिएको मन्त्रीपरिषद्को मुख्य सचिवको जिम्मेबारी भने तत्कालिन स्वास्थ्य मन्त्री कत्सुनोबु कातोले पाउने अपेक्षा गरिएको छ ।

निवर्तमान प्रधानमन्त्री सिन्जो आबेको अति निकटस्थ पात्रका रुपमा रहनु भएका सुगालाई यसअघि उनी पार्टीको प्रमुखमा निर्वाचित गराइएको थियो । सुगाले आबे नेतृत्वको सरकार रहेका बेलामा सरकारको मुख्य प्रवक्ता र मन्त्रीपरिषद्को मुख्य सचिवका रुपमा जिम्मेबारी निर्वाह गरेका थिए ।

निवर्तमान प्रधानमन्त्री आबेले केहीदिन अगाडि अस्वस्थताको कारण देखाउदै प्रधानमन्त्री पद त्यागको घोषणा गरेका थिए । उनी शुरुमा सन् २००६ देखि २००७ सम्म पहिलो पटक प्रधानमन्त्री भएका थिए । त्यतिबेला पनि अस्वस्थतालाई कारण देखाउदै पद त्याग गर्नुभएका आबे स्वास्थ्यमा सुधार आएपछि सन् २०१२ मा फेरी प्रधानमन्त्रीमा निर्वाचित भएका थिए । त्यसपछि केही दिन अगाडिसम्म उनी लगातार प्रधानमन्त्री भएका थिए ।

जापानमा सवैभन्दा लामो समयसम्म प्रधानमन्त्री बनेको नेताका रुपमा रहेका ६५ बर्षिय आवेले आफ्नो कार्यकाल अझै झण्डै एक बर्ष बाँकी रहेकै बेलामा राजीनामा दिएका हुन । उनले सरकारको नेतृत्व गरेका बेलामा सुगाले अति निकट भएर उनीसँग काम गरेका थिए। जापानमा अहिलेपनि आबेलाई अति लोकप्रिय नेताका रुपमा लिइने र पार्टी भित्र पनि उनको प्रभाव अत्यधिक धेरै भएको छ ।

## अर्मेनियासँगको द्वन्द्वमा साथ दिन अजरबैजानको आग्रह



असंलग्न आन्दोलनको अध्यक्ष मुलुक अजरबैजानले अर्मेनियासँग जारी द्वन्द्वमा आफू पक्षमा समर्थन गरिदिन नेपाललाई आग्रह गरेको छ । नेपाल असंलग्न आन्दोलनको एक सदस्य राष्ट्र हो । नयाँ दिल्लीस्थित अजरबैजानको राजदुतावासले केही दिन पहिले परराष्ट्र मन्त्रालयलाई पत्र लेखेर आफ्नो भौगोलिक अखण्डताको पक्षमा बोलिदिन आग्रह गरेको हो । नेपालसँगै दक्षिण एसियाका अन्य साना मुलुकलाई पनि अजरबैजानको सहयोग गरिदिन आग्रह गरेको छ । अजरबैजानले जारी द्वन्द्वले क्षेत्रीय शान्ति र स्थायित्वमा असर गर्ने भएकाले नेपालले यस विषयमा बोल्नुपर्ने बताउँदै आएको छ ।

अहिले अजरबैजान र अर्मेनियाको बीचमा विवादित भूमिको विषयमा युद्ध चलिरहेको छ र केही मृत्यु पनि भएको छ । तर मृत्युको वास्तविक तथ्यांक भने दुवैतर्फबाट आउन सकेको छैन । यी दुई मुलुकको बीचमा अहिले जारी युद्धको कारण विवादित भूमि नागोर्नो काराबख मानिन्छ । यो भूमिमा अर्मेनियाको नियन्त्रण छ । त्यसैले अजरबैजानले आफ्नो भूमि फिर्ता ल्याउनको लागि अर्मेनियामाथि आक्रमण गरेको हो ।

सोभियत संघको पालामा यो भूमि अजरबैजानको एक भाग थियो । सन् १९८० को दशकमा सोभियत संघ टुक्रिन सुरु भयो । त्यसपछि अर्मेनियाले संसदले नागोर्नो काराबख आफ्नो भूमिमा ल्याउन माग गर्‍यो । तर सोभियत संघले त्यो माग अस्वीकार गर्‍यो । यसै विषयलाई लिएर अर्मेनियाका विखण्डनकारी समूह र अजरबैजानको सेनाबीच यु भएको थियो । यो हिंसा सन् १९९४ मा आएर टुङ्गिएको थियो । त्यतिबेला रुसले दुई मुलुकको बीचमा युद्धविराम गराएको थियो । तर, त्यतिबेला यो क्षेत्रमा अर्मेनियाको एक जातीय समूहको नियन्त्रणमा थियो ।

सन् १९९४ मा शान्ति सम्झौता भए पनि यो क्षेत्रमा निरन्तर हिंसा भने हुँदै आएको छ । सन् २०१६ मा पनि अर्मेनिया र अजरबैजानको बचिमा यो क्षेत्रको विषयलाई लिएर चार दिनसम्म युद्ध भएको थियो । रुसले त्यतिबेला मध्यस्थता गर्दै युद्ध साम्य पारेको थियो । विभिन्न अन्तर्राष्ट्रिय संगठनहरूले लामो समयदेखि यो विवाद सुल्झाउने प्रयास भने गर्दै आएका छन् ।

अहिले जारी युद्ध भने सेप्टेम्बर २७ मा शुरु भएको हो । यो युद्धमा क्षेत्रीय प्रतिस्पर्धी मुलुकहरू रुस र टर्की पनि मुछिएका छन् । टर्कीले अजरबैजानलाई स्पष्टरुपमा सहयोग गरेको छ । टर्की र रुस सिरिया र लिबियाको युद्धमा पनि एकअर्काको विरुद्धमा देखिएका छन् । त्यसैले यो युद्धमा अजरबैजानको साथ दिनु पनि टर्कीको रुसलाई चुनौती दिने चाल हुनसक्ने आकलन छ । रुसले भने अहिलेको युद्धमा आफूले कुनै पनि मुलुकको पक्ष नलिएको र आफ्नो दुवै मुलुकसँग राम्रो सम्बन्ध रहेको बताएको छ । उसले यो युद्ध रोक्ने विषयमा टर्कीसँग पनि वार्ता भइरहेको उल्लेख गरेको छ ।

## अस्ट्रेलियास्थित नेपाली विद्यार्थीलाई एकाको सहयोग

शैक्षिक परामर्शदाताहरूको छाता संगठन अस्ट्रेलियन एजुकेसन कन्सल्टेन्सी एलाइन्स (एका) ले कोभिड-१९ को प्रभावका कारण समस्यामा परेका डेढ सय नेपाली विद्यार्थीलाई आर्थिक सहयोग गरेको छ ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा एकाले राजदूतावासको सहयोग र प्रत्यक्ष निगरानीमा समस्यामा परेका विद्यार्थीहरूलाई आर्थिक सहयोग गर्नुका साथै केही नेपाली विद्यार्थीहरूलाई नेपाल पठाउन हवाइ टिकटको व्यवस्था गरेको समेत विवरण सार्वजनिक गरेको हो । विद्यार्थी सहयोग कार्यक्रममा कुल ५७ हजार डलर संकलन भएको र ४१ हजार दुई सय पचास डलर सहयोगमा खर्च गरिएको एकाले हिसाब सार्वजनिक गरेको छ। कार्यक्रममा अस्ट्रेलियाका राजदूत महेशराज दाहालले सहयोगको रकम के कति भए पनि एकाले आफ्नो जिम्मेवारी महशुस गर्दै विद्यार्थीको सहयोगमा देखाएको तत्परता महत्वपूर्ण रहेको बताए ।

राजदूत दाहालले राजदूतावासमा सहयोगका लागि आएका विद्यार्थीहरूको आवेदनका आधारमा एक सय पचास जना अत्यन्तै समस्यामा परेका विद्यार्थीलाई एकाको तर्फबाट सहयोग गरिएको र अन्यको हकमा एनआरएन लगायतका संघ संस्थाको पहलमा सहयोग गरिँदै आएको बताए । एकाका अध्यक्ष पिआर अधिकारीले व्यवसायिक संस्थाका रूपमा रहेको एकाले आफ्नो दायित्वका रूपमा गर्नुपर्ने कामको सुरूआत मात्र गरेको बताए ।

## राहुल र प्रियंकासहित २ सय जना विरुद्ध मुद्दा




भारतको प्रमुख प्रतिपक्षी दल भारतीय राष्ट्रिय काँग्रेसका निवर्तमान अध्यक्ष राहुल गान्धी र महासचिव प्रियंका गान्धीसहित झण्डै दुई सय जना विरुद्ध मुद्दा लगाइएको छ । भारतीय दण्ड संहिता उलंघन गरेको आरोप लगाउँदै उनीहरूका विरुद्धमा मुद्दा दायर गरिएको सरकारी अधिकारीहरूले जानकारी दिएका छन् ।

गौतमबुद्ध नगर प्रहरीले गान्धीद्वय र अरु दुई सय जनाले दण्ड संहिताको धारा १८८, २६९ र २७० को उलंघन गरेको दावी गरेको छ । यसअघि संहिता उल्लंघन गरेकै आरोपमा उनीहरूलाई उत्तर प्रदेश प्रहरीले यमुना द्रुतमार्गबाट बिहीबार गिरफ्तार गरेको थियो ।

सामुहिक बलात्कारपछि हत्या गरिएकी बालिकाका परिवारजनलाई भेट्न उनको घर हथ्रासतर्फ गइरहेका बेला उनीहरूलाई गिरफ्तार गरिएको हो । बलात्कार पीडितको मंगलबार उपचारकै क्रममा दिल्लीको सफदरजङ अस्पतालमा निधन भएको थियो ।

गत सेप्टेम्बर २९ तारिखका दिन सामूहिक बलात्कारपछि हत्या गरिएकी ती बालिकाको घर रहेको हथ्रासतर्फ गइरहेका बेला उनीहरूको सवारी साधनलाई प्रहरीले रोकेपछि उनीहरू हिँडेरै त्यसतर्फ लागेपछि प्रहरीले गिरफ्तार गरेको हो ।

## बेरूतमा शक्तिशाली विस्फोट : प्रधानमन्त्रीद्वारा राजीनामा




बेरुत । गत हप्ता लेबनानको राजधानी बेरुतमा भएको शक्तिशाली विस्फोटपछि नैतिकताको आधारमा भन्दै लेबनानका प्रधानमन्त्रीले राजीजनामा दिएका छन् ।

सो विस्फोटमा परी २०० जनाभन्दा बढीको ज्यान गएको थियो । त्यस विस्फोटनका कारण लेबनानका नागरिकहरूले व्यापक रुपमा आक्रोश व्यक्त गरिरहेका थिए ।

नागरिकले प्रधानमन्त्रीका विरुद्धमा प्रदर्शन पनि गरेका थिए । यसैक्रममा प्रधानमन्त्री हसन दीयाबले सोमबार आफ्नो पदबाट राजीनामा दिएको घोषणा गरेका हुन् । प्रधानमन्त्री दियाबले लेबनानको राष्ट्रिय टेलिभिजनमार्फत सोमवार साँझ देशबासीका नाममा सम्बोधन गर्दै प्रधानमन्त्रीको पद त्याग गरेको घोषणा गरेका थिए ।

लेबनानका नागरिकले सरकारमाथि भ्रष्टाचारको आरोप लगाएका थिए । उनीहरूले सो विस्फोट हुनुमा पनि सरकारको भ्रष्टाचारजन्य क्रियाकलाप जोडिएको बताएका थिए । त्यसैगरी यहाँका नागरिकले वर्तमान प्रधानमन्त्री र सरकारमाथि र असक्षमताको आरोप पनि लगाएका छन् ।

## तीन वैज्ञानिकलाई नोबेल पुरस्कार

हेपाटाइटिस सी भाइरस पत्ता लगाउने तीन वैज्ञानिकले यो वर्ष चिकित्साशास्त्रतर्फ नोबेल पुरस्कार पाएका छन्। उनीहरू ब्रिटिश वैज्ञानिक माइकल हाउटन तथा दुई अमेरिकी अनुसन्धानकर्ता हार्भी अल्टर र चार्ल्स राइस हुन् ।

नोबेल पुरस्कार समितिले उक्त आविष्कारले लाखौं मानिसको ज्यान जोगाउन सघाएको बताएको छ। उक्त भाइरसले कलेजोको क्यान्सर गराउँछ र यो नै कलेजो प्रत्यारोपण गर्नुपर्ने एउटा प्रमुख कारण हो । सन् १९६० को दशकमा दाताबाट प्राप्त रगत लिएका बिरामीलाई कलेजोको अज्ञात दीर्घरोग देखिन थाल्यो। नोबेल समितिले त्यो बेला रक्ताधान (अर्काको रगत लिने काम) 'रुसी रूलेट' अर्थात् जुवाजस्तै भएको टिप्पणी गरेको छ । अत्यन्त संवेदनशील रक्तपरीक्षणले अहिले संसारका धेरै ठाउँमा त्यस्तो समस्या उन्मूलन भइसकेको छ। उक्त भाइरसविरुद्ध प्रभावकारी औषधि पनि बनिसकेको छ ।

'इतिहासमा पहिलो पटक उक्त रोग निको पार्न सकिन्छ। त्यसबाट हेपाटाइटिस सी भाइरस उन्मूलन गर्ने आशा बढेको छ,' समितिले भनेको छ। तर अहिले पनि सात करोड मानिस उक्त भाइरसबाट सङ्क्रमित छन् र त्यसले प्रत्येक वर्ष चार लाख मानिसको ज्यान लिन्छ ।

हेपाटाइटिस ए र बी भाइरस सन् १९६० को दशकको मध्यतिर पत्ता लागे। पछि प्राध्यापक हार्भी अल्टरले अर्को रहस्यमय सङ्क्रामक तत्त्व पनि अस्तित्वमा भएको पुष्टि गरे। सन् १९७२ मा उनी यूएस न्याशनल इन्स्टिट्यूट्स अफ हेल्थमा रक्ताधान गरिएका बिरामीको अध्ययन गर्दै थिए। दान गरिएको रगत लिएका बिरामीहरू बिरामी पर्ने क्रम रोकिएको थिएन। उनले सङ्क्रमित बिरामीको रगत दिइएे चिम्पान्जीमा पनि उक्त रोग लाग्ने उनले पुष्टि गरे। त्यो रहस्यमय रोगलाई 'नन(ए, नन(बी' हेपाटाइटिस भन्न थालियो।




प्राध्यापक माइकल हाउटनले सन् १९८९ मा उक्त भाइरसको आनुवंशिक संरचनाको शृङ्खला पत्ता लगाए। त्यसबाट उक्त विषाणु एक प्रकारको फ्ल्याभिभाइरस भएको देखियो। त्यसको नामकरण हेपाटाइटिस गरियो। प्राध्यापक चार्ल्स राइसले सेन्ट लुईस्थित वाशिङ्टन यूनिभर्सिटीमा हुँदा सन् १९९७ मा थप काम गरे। उनले आनुवंशिक रूपमा परिशोधित (जनेटिकली इन्जनीअर्ड) हेपाटाइटिस सी भाइरस चिम्पान्जीको कलेजोमा हालेर त्यसबाट हेपाटाइटिस हुने प्रमाणित गरे ।

## डोनाल्ड ट्रम्प र जो बाइडेनको लडाइँ



अमेरिकाको आगामी नेतृत्वका लागि प्रतिस्पर्धामा उत्रिएका राष्ट्रपति डोनाल्ड ट्रम्प र जो बाइडेनले सार्वजनिक 'डिबेट'मा पहिलोपटक एक-अर्काको सामना गरेका छन् । उनीहरूको यो डिबेटलाई इतिहासमै अराजक र तिक्ततापूर्ण भनिएको छ ।

राष्ट्रपति ट्रम्पले आफ्नो धारणा राखिरहेका बाइडेनलाई बारम्बार अवरोध गर्ने प्रयास गरेका थिए । सिबिएस न्युजले जनाएअनुसार ट्रम्पले प्रतिद्वन्द्वी बाइडेन बोलिरहँदा ७३ पटक बीचैमा बोलेर अवरोध गरेका थिए ।

कोरोना (कोभिड- १९) महामारी, स्वास्थ्य सेवा र अर्थतन्त्रमाथिको बहसमा उनीहरूले एक-अर्काप्रति कडा शब्द प्रयोग गरेका थिए । अमेरिकामा राष्ट्रपतिको निर्वाचन हुनुअघि उम्मेदवारलाई संयुक्त रूपमा राखेर यसरी डिबेट गराइन्छ। डिबेटमा उनीहरूले आफ्नो योजना स्पष्ट पार्नुका साथै विपक्षीको योजनामाथि कडा टिप्पणी गर्ने गर्छन् ।

अमेरिकामा राष्ट्रपतिको निर्वाचन नजिकिँदै गर्दा महामारीकै बीच पनि चुनावी कार्यक्रमले तीव्रता पाएको छ । अमेरिकाको नयाँ राष्ट्रपतिका लागि आगामी ३ नोभेम्बरमा निर्वाचन हुँदै छ । अमेरिकी र युरोपियन सञ्चारमाध्यमहरूले उल्लेख गरेअनुसार निर्वाचनअघि गरिएको सर्वेक्षणमा अमेरिकाको नयाँ राष्ट्रपतिका लागि बाइडेनले ट्रम्पमाथि थोरैको अग्रता कायम गरेका छन् ।

राष्ट्रपतिको निर्वाचनका लागि बाइडेन डेमोक्र्याटिक तथा ट्रम्प रिपब्लिकनतर्फबाट उम्मेदवार बनेका हुन् । डिबेट फक्स च्यानलका प्रस्तोता क्रिस वालेसले चलाएका थिए ।

ओहियोस्थित क्लिभल्यान्डमा ९० मिनेट चलेको डिबेटमा गम्भीर प्रकारका नीतिमाथि छलफल भएको थियो । दुबै प्रतिद्वन्द्वीले एक-अर्काविरुद्ध बोलेका थिए । तर, सिबिएस न्युजले जनाएअनुसार त्यस क्रममा राष्ट्रपति ट्रम्पले ७३ पटक प्रतिद्वन्द्वी बाइडेन बोलिरहेको वेला अवरोध गरे ।

डिबेटको सुरुवातबाटै दुबै प्रतिद्वन्द्वी एक-अर्काविरुद्ध खनिन सुरु गरेका थिए । स्वास्थ्य सेवामाथिको छलफलमा बाइडेनले कडा टिप्पणी गरेका थिए । त्यसपछि सर्वोच्च अदालतमाथिको छलफल सुरु हुँदा एक-अर्काप्रति अझ तिखो प्रहार गरेका थिए ।


**कोभिड १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनीकरणका लागि निम्नानुसार गरौं**

- आत्महत्याको जोखिपूर्ण वर्गको पहिचान गरी मनोसामाजिक परामर्श प्रदान गरौं ।
- सकारात्मक विभेदको नीतिको आधारमा गरिबीको रेखामूनीको वर्गको रोजगारीमा पहुँच अभिवृद्धि गरौं ।
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षाको दायरा अभिवृद्धि गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**कोरोना भाइरस (COVID 19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


(एजेन्सीहरूको सहयोगमा)

प्रेरक

## राजाको न्याय



एकपटक महाराज रणजित सिंह कतै जाँदै थिए। अचानक कतैबाट बत्तिएर आएको एउटा इँटको ठूलै टुक्रा उनको खुट्टामा लाग्यो। उनले आफूमाथि कसले किन इँट प्रहार गऱ्यो भन्ने अनुमान लगाउन सकेनन्। सिपाहीले चारैतिर हेर्दा एक वृद्धा देखे। उनीहरूले तिनैलाई गिरफ्तार गरी महाराजसामु पेस गरे।

राजालाई देखेपछि ती वृद्धा थरथर काम्न थालिन्। राजाले केही भन्नुभन्दा पहिल्यै उनले हात जोडेर भनिन्- महाराज मेरो नाति दुई दिनदेखि भोको थियो। उसलाई खुवाउन म बयरको रूखमा इँट प्रहार गरिरहेकी थिएँ। तर, गल्तीले गर्दा हजुरलाई लाग्यो। मलाई माफ गर्नुहोस्, महाराज! महाराज रणजित सिंहले केहीबेर सोचे र ती वृद्धालाई एक हजार रुपैयाँ दिएर पठाइदिए। ती वृद्धा महाराजको जयजयकार गर्दै घरतिर गइन्।

महाराजको व्यवहार देखेर कर्मचारी र सिपाही छक्क परे। जसलाई सजाय दिनुपर्ने थियो, राजाले उसलाई पुरस्कार दिएका थिए। एक कर्मचारीले सोधे पनि- महाराज जसलाई दण्ड दिनुपर्ने थियो, उसलाई पुरस्कार किन ? साथै, उनले यसबारे अन्य मानिसले पनि थाहा पाए भने राजाको सुरक्षामै समस्या उत्पन्न हुन सक्ने र अरूले पनि राजामाथि इँट या पत्थर प्रहार गर्न सक्ने खतरा रहेकोबारे पनि चिन्ता प्रकट गरे।

उनको गुनासो सुनिसकेपछि केही गम्भीर हुँदै महाराज रणजित सिंहले भने- तपाईंले गरेको चिन्ता ठीक हो। तर, एउटा रूखले त आफूमाथि प्रहार गरिएको इँट या पत्थरको बदलामा मिठो फल दिन्छ भने म एक राजा भएर पनि उनलाई कसरी खाली हात फर्काउन सक्थेँ ?

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ। स्वास्थ्यका लागि खर्च बढ्नेछ। धन लाभ भए पनि बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउला। विवादास्पद कामको जिम्मेवारी वहन गर्नुपर्दा आत्मसम्मानमा बाधा पर्न सक्छ। तापनि प्रबल इच्छाशक्तिले लक्ष्यमा पुर्याउनेछ। लगनशीलताले नयाँनयाँ काम गर्ने अवसर समेत दिलाउनेछ।

### वृष

परिस्थितिले खर्च बढाउनेछ। आशा देखाउनेहरूको भरपर्दा धोका पाइएला। परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ। अरूको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ। व्यवसायमा लगानी बढाउनुपरे पनि उधारोमा व्यापार हुनेछ। फाइदाका लागि केही त्याग्नुपर्ने हुन सक्छ। अवसरवादीहरूबाट सजग रहनुहोला। खर्च लागे पनि यात्रा गर्ने अवसर जुट्न सक्छ।

### मिथुन

नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ। आम्दानी बढ्नाले दैनिकीमा पनि परिवर्तन आउन सक्छ।

### कर्कट

तारिफयोग्य कामले चर्चामा ल्याउन सक्छ। प्रतिष्ठित व्यक्तिहरूको सहयोग जुट्नाले सजिलै लक्ष्य प्राप्ति हुनेछ। पुरानो मित्रताले प्रेमको मार्ग अवलम्बन गर्न सक्छ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने मौका छ। सोखले थलिएको काम व्यवसायमा रूपान्तरित हुनेछ। मेहनतीहरूलाई कार्यसिद्धिको समय छ। कर्मयोगले नाम र दाम दिलाउनेछ।

### सिंह

शारीरिक कमजोरीले चिन्ता बढाउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला। बाध्यताले अलमल्याउन सक्छ। तापनि, लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ। काम पूरा नभए पनि दोहोर्याएर प्रयत्न गर्दा केही लाभ हुन सक्छ। सामुदायिक जिम्मेवारी वहन गर्ने समय छ। चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातलागी हुन सक्छ।

### कन्या

खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला। सामान्य कामका लागि दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। स्वास्थ्यमा कमजोरी अनुभूति हुन सक्छ। खानपान र आहारविहारमा ध्यान पुर्याउनुहोला। केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ। दोहोर्याएर प्रयत्न गर्दा आँटेको काम बन्न सक्छ। पछिका लागि केही वस्तु त्याग्नुपर्ला।

### तुला

तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। घुमफिर तथा मनोरञ्जनको समय छ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ। आफन्तको स्नेह, सत्कार तथा सम्मान प्राप्त हुनेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम थालनी हुनेछ।

### वृश्चिक

शत्रुहरू स्वतः किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ। स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ। मिहिनेतले प्रशस्त फाइदा दिलाउनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ। व्यापारलगायत दिगो आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ।

### धनु

अवसरले पछ्याए पनि प्रतीक्षा गरिएको नतिजा कमजोर देखिनेछ। सहयोगीहरूले साथ दिन छाड्नेछन् र प्रगतिमा ईर्ष्या गर्नेहरूले दुःख दिनेछन्। तापनि मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ। व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट लाभ मिल्नेछ। सन्तान वा अनुयायीको साथले हिम्मत जगाउनेछ। गरेका काम सम्पादन हुनेछन्।

### मकर

आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ। पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ। अरूको भरपर्दा काम बिग्रन सक्छ। मान्यजनको सहयोगले तत्कालको अन्योल भने टर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ।

### कुम्भ

नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ। लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ। आलस्य त्यागेर मिहिनेत गर्दा फाइदा उठाउन सकिनेछ। पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ। प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन्।

### मीन

आत्मविश्वासको कमीले काममा पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ। खर्च हुने डरले सताउन सक्छ। वादविवादबाट टाढा रहनुहोला। अर्थ अभावले पनि काममा बाधा पुग्नेछ। आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुर्याउनुहोला। ईर्ष्या गर्नेहरूबाट जोगिएर काम लिनुहोला, आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउनेछ।

# समाचार संक्षेप

## करेन्ट लागेर मृत्यु

काठमाडौं। बाँके, सितापुर गाउँपालिका २ बस्ने २३ वर्षीय बिकास महतोको करेन्ट लागेर शनिबार राति मृत्यु भएको छ। जानकी गाउँपालिका ६ पिप्रहवास्थित राम नारायण चौहानको फडिन्द्र गमला उद्योगमा काम गर्ने क्रममा मिक्चर मेसिनबाट करेन्ट लाग्दा घाइते भएका उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो। चितवन, माडी नगरपालिका ६ बसन्तपुर बस्ने ६० वर्षीय सुकदेव महतोको करेन्ट लागेर शनिबार राति मृत्यु भएको छ। हरिनगरस्थित रिउखोला छेउमा गैंडा धपाउन जाने क्रममा बन्यजन्तु धपाउनको लागि बिच्छाईएको नाङ्गो बिद्युतको तारमा छुदा करेन्ट लागेर घाइते भएका उनको बघौडा अस्पताल माडीमा उपचारको क्रममा मृत्यु भएको हो।

## दुर्घटनामा तीन जनाको मृत्यु

काठमाडौं। चितवन, भरतपुर महानगरपालिका २९ स्थित सडकमा प्रदेश ३-०३००१ ह ४४७ नम्बरको अटो र ना.५० प ४५५० नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई शनिबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकलमा सवार तनहुं घिरिङ गाउँपालिका ४ बस्ने ३५ वर्षीय जित बहादुर रानाको मृत्यु भएको छ। दुर्घटना गम्भीर घाइते भएका उनको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक सोही ठाउँ बस्ने ३५ वर्षीय बेल बहादुर रानाको सोही अस्पतालमा उपचार भइरहेको छ।

सिरहा, गोलबजार नगरपालिका ८ पुरानो चोहर्वास्थित सडकमा स.१ ह ३१२८ नम्बरको अटो रिक्साले साईकललाई शनिबार दिउँसो ठक्कर दिँदा साईकलमा सवार मिर्चैया नगरपालिका ११ सोनी गदवा बस्ने ३५ वर्षीया गंगा देवी ठाकुरको मृत्यु भएको हो। दुर्घटनामा घाइते भएकी उनको सप्तऋषि अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। लमजुङ, बेशिसहर नगरपालिका १ उदिपुर सडकमा ग.१ ख ६५०१ नम्बरको बस सडकबाट करिब १ सय ५० मिटर तल खसेर शनिबार राति दुर्घटना हुँदा बसमा सवार घिमिरेगाउँ बस्ने २६ वर्षीय अर्जुन परियारको मृत्यु भएको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। धनुषा, धनुषाधाम नगरपालिका ९ डाडाटोलस्थित जनचेतना राष्ट्रिय आधारभूत बिद्यालयको कम्पाउण्डभित्र हाल नाम, थर, वतन नखुलेका करिब ६० वर्षीय पुरुष शनिबार मृत अवस्थामा फेला परेका छन्।

महोत्तरी, बार्दिबास नगरपालिका ८ बल्मपाखी टोल बस्ने संजिब महर्जनको ६ वर्षीय छोरा आदेश महर्जन आफ्नै घरदेखि करिब २० मिटर टाढा धाराको पानी जमेको पोखरीमा शनिबार मृत अवस्थामा फेला परेका छन्। तेह्रथुम, छथर गाउँपालिका ४ फाक्चामारा बस्ने ४५ वर्षीय हर्क बहादुर सार्की सोही गाउँपालिका ३ पञ्चकन्या बास्नेरीस्थित बाटो मुनि शनिबार मृत अबस्थामा फेला परेका छन्। मकवानपुर, हेटौडा उपमहानगरपालिका १० बसपार्क नजिक सडकको छेउमा हाल नाम, थर, वतन नखुलेका करिब २६ वर्षीय पुरुष शनिबार मृत अवस्थामा फेला परेका छन्। बारा, जितपुर सिमरा उपमहानगरपालिका १ पथलैयास्थित सडक किनारमा हाल नाम, थर,वतन नखुलेका करिब ४५ वर्षीय पुरुष शनिबर मृत अवस्थामा फेला परेका छन्।

## दुर्घटनामा ४ जनाको मृत्यु

काठमाडौं। धनुषा, मिथिला नगरपालिका ९ स्थित सडकमा बा.१८ च ५८७९ नम्बरको स्कारपियो गाडी र बा.७३ प १९०३ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई शुक्रबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकलमा सवार महोत्तरी सोनवा गाउँपालिका १ बस्ने २८ वर्षीय सेराज हकको मृत्यु भएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुर हुँदै थप उपचारका लागि काठमाडौंतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार रौतहट चन्द्रपुर नगरपालिका ७ बस्ने २३ वर्षीय सुभास चौधरीको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ। स्कारपियो गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

मोरङ, मिक्लाजुङ गाउँपालिका ४ मुगुटारमा प्रदेश १-०१-००१ त ८२५५ नम्बरको ट्याक्टरको ठक्करबाट सोही ठाउँ बस्ने ७४ वर्षीय डिक बहादुर राईको शुक्रबार दिउँसो मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका उनको अरनिको अस्पताल उर्लाबारीमा उपचारको क्रममा मृत्यु भएको हो। फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ।

खोटाङ, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका ५ जोरआपस्थित सडकमा स.१ त ६६८० नम्बरको ट्याक्टर अनियन्त्रित भई शुक्रबार दिउँसो दुर्घटना हुँदा ट्याक्टरमा सवार दिप्रुङ चुईचुम्मा गाउँपालिका ७ टेम्मा बस्ने २६ वर्षीय प्रकाश राईको घटनास्थलमै मृत्यु भएको छ। ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

कास्की, अन्नपूर्ण गाउँपालिका(५ नयाँपुलस्थित सडकमा पोखराबाट पूर्वतर्फ जाँदै गरेको ग.१० प २१२२ नम्बरको स्कुटर आफै अनियन्त्रित भई शनिबार बिहान दुर्घटना हुँदा स्कुटरमा सवार स्याङ्जा आँधीखोला गाउँपालिका(६ बस्ने २६ वर्षीय पुष्कर बस्नेतको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको मेट्रोसिटी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका स्कुटरका चालक स्याङ्जा आँधीखोला गाउँपालिका ६ बस्ने २५ वर्षीय सन्तोष न्यौपानेको सोही अस्पतालमा उपचार भइरहेको छ।

## डुबेर मृत्यु

बाँके। राप्ती सोनारी गाउँपालिका ६ स्थित नाग्राफल झरना नजिकैको तलाउमा पौडी खेल्ने क्रममा डुबेर २ जनाको शुक्रबार दिउँसो मृत्यु भएको छ। मृत्यु हुनेमा नेपालगंज उपमहानगरपालिका ९ बाँकेगाउँ बस्ने १६ वर्षीय शिव शंकर सुक्ला र सोही ठाउँ बस्ने १५ वर्षीय बिनोद बर्मा रहेका छन्। डुबेर अशक्त भएका दुवै जनाको भेरी अस्पताल नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो। साथै उनीहरूसँगै पौडी खेल्ने क्रममा डुबेर अशक्त भएका सोही ठाउँ बस्ने १६ वर्षीय रोहित बर्माको सोही अस्पतालमा उपचार भइरहेको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। धनुषा, धनुषाधाम नगरपालिका ७ किशनपुर बस्ने रामेश्वर सदाका ५ वर्षीय छोरा रुपेश सदा सोही ठाउँस्थित कृषि इँटा उद्योग परिसरभित्र पानी जमेको खाल्डोमा शुक्रबार मृत अवस्थामा फेला परेका छन्। मोरङ, उर्लाबारी नगरपालिका ४ किसान चोकमा हाल नाम, थर, वतन नखुलेकी करिब ३६ वर्षीया महिला शुक्रबार मृत अवस्थामा फेला परेकी छन्। तनहुँ, शुक्लागण्डकी नगरपालिका ८ तिनघरेस्थित सेती नदी किनारमा हाल नाम, थर, वतन र उमेर नखुलेका पुरुष शनिबार मृत अवस्थामा फेला परेका छन्।

## करेन्ट लागेर मृत्यु

काठमाडौं। सिरहा, लक्ष्मिपुरपतारी गाउँपालिका ५ पथरगढा बस्ने ४० वर्षीय हरिदत दासको करेन्ट लागेर सोमबार दिउँसो मृत्यु भएको छ। सोही ठाउँस्थित सरस्वती खोलामा करेन्ट लगाई माछा मार्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको कामना नर्सिङहोममा उपचारको क्रममा मृत्यु भएको हो। साथै करेन्ट लागेर घाइते भएका सोही ठाउँ बस्ने १४ वर्षीय राजेश दासको सोही अस्पतालमा उपचार भइरहेको छ। रुपन्देही, तिलोत्तमा नगरपालिका(९ कालीगण्डकी पथस्थित यज्ञमुर्ती बस्यालको घरमा मार्बल लगाउने क्रममा करेन्ट लागेर रुपन्देही तिलोत्तमा नगरपालिका(१ बस्ने ३० वर्षीय धर्मेदर साहानीको सोमबार दिउँसो मृत्यु भएको हो। करेन्ट लागेर गम्भीर घाइते भएका उनको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको हो।

## डुबेर मृत्यु

काठमाडौं। सर्लाही, बाग्मती नगरपालिका ६ बस्ने ४० वर्षीया सानुमाया मगरातीको आफ्नो घर भन्दा १ किलोमिटर टाढा नहरको पानीमा डुबेर सोमबार मृत्यु भएको छ। सप्तरी, तिरहुत गाउँपालिका ५ लोहजारा बस्ने राम कुमार यादवको १ वर्षीय छोरा रितिक यादवको पानीमा डुबेर सोमबार मृत्यु भएको छ। हनुमाननगर नगरपालिका ८ जोगिनियास्थित खेतको पानीमा खेल्ने क्रममा डुबेर उनको मृत्यु भएको हो। गुल्मी, चन्द्रकोट गाउँपालिका १ दिब्रुङसराङ बस्ने ५२ वर्षीय कलाधर अर्याल सोही ठाउँस्थित र भगवती मन्दिरको पानी ट्याङ्कीभित्र डुबेर सोमबार मृत्यु भएको छ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Jocund = ठट्यौलो Everyone likes him because he is jocund (ऊ ठट्यौलो भएको हुँदा सबैले मनपराउँछन्)

Knead= मुछ्नु For making good clay pots, one has to knead the clay very well (राम्रा माटाका भाडा बनाउनका लागि माटो पनि राम्ररी मुछ्नुपर्छ)

Lumen = चहकको मात्रा Power is measured in watts whereas the brightness in lumen (शक्तिको मात्रा वाटमा नापिन्छ भने चम्किलोपना चहकताको मात्रामा)

Mundane = सांसारिक He is mundane and thus has no interest in spiritual discussion (ऊ सांसारिक कुरामा विश्वास गर्ने भएकाले उसलाई आध्यात्मिक छलफलमा चाख छैन)

Novelty = नयाँ कुरा In today's world, computer is no longer a novelty (आजको विश्वमा कम्प्युटर कुनै नौलो कुरा होइन)

Outstrip = पछाडि पार्नु He won gold medal by outstripping all his competitors (सबै प्रतिस्पर्धीलाई पछाडि पार्दै ऊ सुनको तक्मा हात पार्न सफल भयो)

Platitude = पुरानै अभिव्यक्ति For professional it does not suit to express in always platitudes (पेसागत रुपबाट दक्षहरूका लागि सधैं उही अभिव्यक्ति सुहाउने कुरा होइन)

Quorum = गणपुरक The meeting could not take place because quorum was not present (गणपुरक संख्या नपुगेको हुँदा बैठक बस्न सकेन)

Reticent = चुप लागेर बस्ने He prefers reticent to talk and expose the weakness (बोलेर आफ्नो कमजोरी देखाउनु भन्दा ऊ चुपै लागेर बस्न मनपराउँछ)

Soporific = लट्ठ पार्ने खालको His lecture was so soporific that every one in class falls asleep -उसको लेक्चर यति हाइ लाग्ने किसिमको हुन्छ कि कक्षामा सबै निदाउँछन्)

# Turn बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Turn on = मा घुम्नु The earth turn on its axis once every 24 hours (पृथ्वीले आफ्नो कक्षमा हरेक २४ घण्टामा एकपटक घुमिसक्छ)

Turn on = लगाउनु She turned her dog on us (तिनले हामीलाई कुकुर लगाइदिइन्)

Turn to = तिर मोड्नु She turned suddenly to left to avoid the accident दुर्घटनाबाट जोगाउन तिनले एक्कासी देब्रेतिर मोडिन्।

Turn to = मुन्टो बटार्नु She turned to look at me मतिर हेर्नका लागि तिनले मुन्टो बटारिन्।

Turn over = ओल्टनुपल्टनु To get sleep one has to turn over निदाउनको लागि ओल्टिन पल्टिन पर्छ)।

Turn toward = लगाउनु She turned her eyes towards me तिनले मतिर आँखा लगाइन्।

Turn down = पल्टाउनु He turned the blankets down and climbed into the bed ऊ सिरक पल्टाएर ओछ्यानमा लम्पसार पऱ्यो।

Turn up = ठड्याउनु Turn the collar of your rain coat up before hurrying out into the rain वर्षामा हतपत गरेर बाहिर निस्कनुअघि रेनकोटको कल्लर ठड्याउ।

Turn round = घुम्नु He does not worship but just turns round the temple ऊ पूजा गर्दैन, मन्दिर घुम्छ मात्रै।

Turn color = रंग बदल्नु The leaves turn yellow in winter हिउँदमा पातहरू पहेंलो रंगमा बद्लिन्छन्।

## सुडोकु-अंक २००

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | | | | | १ | | | |
| | २ | | | ५ | | | | |
| ९ | | | | | ८ | १ | | ३ |
| ८ | | | ९ | | | ७ | | |
| १ | | | | | | | | ५ |
| | | ९ | | | २ | | | ४ |
| ३ | | ७ | २ | | | | | ६ |
| | | | | ८ | | | ४ | |
| | | | ६ | | | | | ८ |

## अंक १९९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ३ | ८ | ५ | ६ | १ | ४ | ७ | २ |
| ६ | ५ | १ | ४ | ७ | २ | ३ | ९ | ८ |
| २ | ४ | ७ | ८ | ९ | ३ | ६ | १ | ५ |
| ८ | ७ | ६ | १ | ४ | ५ | २ | ३ | ९ |
| ३ | ९ | ५ | २ | ८ | ६ | ७ | ४ | १ |
| १ | २ | ४ | ७ | ३ | ९ | ५ | ८ | ६ |
| ५ | ६ | ३ | ९ | १ | ७ | ८ | २ | ४ |
| ४ | १ | २ | ३ | ५ | ८ | ९ | ६ | ७ |
| ७ | ८ | ९ | ६ | २ | ४ | १ | ५ | ३ |

# Supreme Leader Kim Jong Un makes speech at Sixth National Conference of War veterans





**Esteemed comrades war veterans,**

We cannot think of our country today without remembering the sweats and blood shed by the generation of the victors in the war, the great spirit they demonstrated and the ennobling sacrifice of the warriors.

We will remember them for ever. It is our Party's mind always to see you, who performed immortal feats etched in the history of our country, and give prominence to and feel proud of your heroic lives with dignity. This conference will prove an important opportunity for demonstrating at home and abroad the unanimous aspiration and will of our Party and all our people to hand down more vividly the exploits of the war veterans to posterity and carry forward the fighting spirit of the 1950s so as to translate the forerunners' ennobling desires to reality without fail.

The distinguished feats performed by the victorious wartime generation of the 1950s under the leadership of the great leader Comrade Kim Il Sung and the spiritual wealth and assets they bequeathed to the coming generations are becoming more precious things that cannot be bartered with anything else as the days go by. The major and profound meaning of our victorious July 27 in modern history is never confined to the fact that a country and nation defended their dignity and sovereignty in a fight against the aggressors and created a military miracle that would shine in the annals of the human history of war.

The great Fatherland Liberation War was a grim war for defending our Republic in its cradle and the destiny and future of tens of millions of our people and, at the same time, the first all-out war between the forces aspiring after independence and the dominationist forces, between socialism and capitalism, that was fought with the start of the Cold War after the Second World War. As such, no precedent could be found in the fierceness and the seriousness of the confrontation. We could not be compared to the enemy in all aspects including the military hardware and economic strength as well as population and territory, but in this war our new-born Republic checked the military offensive by the US imperialists, who had been boasting of being the "strongest" in the world, and their vassal forces and defended its territory and sovereignty at the cost of blood. This was a greatest event that wrote an unprecedented heroic and legendary tale in the histories of our nation and the world revolution. The July 27 constituted a turning point in making our country and people that had been reduced to a weak state and nation take pride of place in history as a heroic country and people admired by the world and in bringing about violent storms of revolutions for anti-imperialist independence, socialism and national liberation on the globe. But for the great July 27, there would not have been today of socialist Korea demonstrating its glories as the most dignified and independent powerful country, a people's country, in the present-day world and the imperialists' high-handed attempts to put Asia and the rest of the world in the sphere under their domination would not have been checked. It defined the orientation of the new great history of the postwar socialist revolution and construction, created the proud traditions and wealth with which our country and people could achieve victory for ever, transformed the global political landscape and forcefully propelled the trend of the times towards independence and socialism–this is another great meaningfulness of the July 27.

The victory in the Fatherland Liberation War was the victory of the ennobling patriotism and mass heroism of our service personnel of the Korean People's Army and people, the victory of justice and progress over injustice and reaction and the victory of socialism, the future of mankind, over capitalism, the refuse of history. The Fatherland Liberation War, which made one clearly aware of the aggressive and brutal natures of the US imperialism and never forget them, deprived all the people on this land of their parents, brothers and sisters and their precious comrades-in-arms and friends, and brought them disastrous misfortunes and pains. However, thanks to the legendary feats of the victorious wartime generation, who overcame all those pains and trials, the great spirit of defending the country and revolution was created and unparalleled heroism, self-sacrifice and fortitude became solid as traits unique to our people. Our victorious wartime generation is a proud generation that created a new history of carrying forward the Korean revolution by dedicating their blood and lives and developed the revolutionary spirit of Paektu into an all-people ideological spirit.

Thanks to the service personnel, who defended every inch of their motherland at the cost of blood with the steely faith that they would surely emerge victorious as long as they were led by Comrade Kim Il Sung, and to the people on the home front, who dedicated their all to the victory in the war, the spirit of unity around the leader, the indefatigable spirit of fighting the enemy to the death and the revolutionary spirit of self-reliance of making weapons with bare hands could be displayed highly as a mettle of heroic Korea. That is why our Party holds in high esteem and give prominence to the victorious wartime generation, who brought about the victory at the cost of blood amid the flames of the war, as a proud generation who laid a cornerstone for carrying forward our revolutionary traditions. They are also heroes who, true to the Party's call, established a socialist system and laid the foundations of an independent, powerful country in the spirit of Chollima, and great teachers who implanted an ennobling spirit and soul in the hearts of the rising generations. In the days when they played the key roles in all sectors, our socialist construction witnessed the fastest eye-opening advance and upsurge, and the tales of their feats have served as sustenance and an excellent textbook of revolutionary life and outlook on life for the peacetime generations who have not undergone the experience of a war.

They, indeed, are excellent revolutionaries and patriots and invaluable treasures of our revolution who, though they themselves experienced trials, have devoted their all to the rising generations by invariably and faithfully supporting the Party and the leader in the whole course, beginning with the grim war days to the days of postwar reconstruction and socialist construction. Our Party regards it as a source of great pride and honour to have such revolutionary forerunners as you, who have cherished an ennobling view on the rising generation and on the revolution, and gives prominence to the victorious wartime generation as models whom everyone should learn from for all ages. Esteemed comrades war veterans, The history of nearly 70 years after the war cannot be called peacetime as a fierce confrontation with the enemy has continued, and the threat and pressure by the imperialists to invade and plunder our state have increased moment by moment. With the spirit and will of victory brought about by the immortal July 27, we chose on our own accord the arduous road of strengthening the national power, looking towards a bright future of our state, and have never changed our choice, tightening our belts, when others were vying with one another for the pursuit of immediate "prosperity."

As we must have an absolute strength with which to prevent and deter the war itself so as not to experience once again the pains and sufferings of the war in the 1950s, we have advanced along the road of self-development toward a nuclear state by braving all pressures and challenges and overcoming unprecedented adversity which would have brought others to their knees one hundred times. And now we have become able to reliably defend ourselves against any form of high-intensity pressure and military threat by imperialist reactionaries and other hostile forces. War is an armed clash which can be unleashed only against a weak one.None can now make little of us.

We will not allow others to look down upon us and, if they do so, make them pay dearly.Thanks to our reliable and effective self-defence nuclear deterrence, the word war would no longer exist on this land, and the security and future of our state will be guaranteed for ever. We celebrate July 27 every year from one generation to the next, but the day of this year, when our state has secured the strategic position the world cannot ignore but recognize, brings us a special emotion, and the significance of the victory in the war and the exploits of performed by the war veterans have become more valuable and prideful.

**Comrades,**

A long time has passed and many things have changed since the gunshots of the war ended, but the ennobling spirit the war martyrs and veterans displayed is still here, encouraging our people to a renewed struggle.In the faces of you, war veterans, we are now visualizing the images of all the comrades-in-arms who failed to come back from the front in those grim years and the unforgettable martyrs who devoted themselves for socialist construction, and are girding ourselves to make redoubled efforts so as to be proud of ourselves before them. Just as you wrote a new chapter in the history of building a prosperous country by brilliantly carrying forward the traditions of the anti-Japanese struggle, the new generations of today will achieve the final victory of socialism of our own style without fail by inheriting your spirit. The history of the victorious war teaches us the iron truth that a people armed with a great spirit can work a great miracle. By etching the spirit in the 1950s in the minds of all the service personnel and people in golden letters, our Party will ensure that every one of them becomes a fighter who remains unchanged in any adversities and leads the life of artists of fresh miracles and victories so that they have no feeling of shame in front of the martyrs and war veterans. We have never forgotten your rancour that you had to turn back in bitter tears after burying your fallen comrades-in-arms on the shore of the Raktong near the South Sea of Korea owing to a shortage of arms. Always remembering the truth that only when we have our sovereignty and right to existence guaranteed, can we achieve and promote happiness and in order to defend the destiny of our state and people, we must have strong power of our own, we will not halt even a moment on the road of building up the most powerful defence capabilities which no one would dare to challenge.

**Comrades,**

What the fighters of the war pictured in their minds so dearly in the so many days and nights of the do-or-die battles must have been a beautiful people's paradise which would be built in the 3 000-ri land. Our Party will strive with redoubled courage to realize the forerunners' dream and ideal of a powerful country without fail and make our people the happiest in the world.

All the people should glorify their lives as victors on the road of making their country prosperous, viewing themselves in the light of the lives of the victorious wartime generation. The present conditions and situation are difficult, but they are nothing when compared to those during the war days. Our Party will make sure that all officials, Party members and other working people achieve proud victories on all fronts of socialist construction by holding up the slogan "Let us live and struggle in the spirit of the great defenders of the country!" It will also prepare all the service personnel to be versatile, a-match-for-a-hundred combatants who have acquired the indomitable revolutionary spirit, valiant militant mettle and lofty patriotism cherished by the war veterans as part of their mental qualities and are well-versed in our style of warfare. The history of victorious war hands down to posterity the feats of numerous heroes including Ri Su Bok, Jo Kun Sil and Kang Ho Yong in connection with the word youth. The Party will bring up all young people to be hot-blooded loyal persons and staunch revolutionaries who take the Party and country into account first and are ready to dedicate themselves for the sake of society and the collective like those heroes who unhesitatingly dedicated their only lives for the one and only country in the face of death. In this way, it can ensure that our great traditions of our ideology and system you defended at the cost of your blood and our victory is carried forward from one generation to the next.It will ensure that the climate of respecting, holding up and according preferential treatment to war veterans and other forerunners in the revolution is created across society and becomes an unshakable national trait.Our Party will look after you, war veterans, with all sincerity and hold full responsibility for your health and life so that you can become more vigorous even though you are getting older continue to add brilliance to your glorious life in good health. It will make sure that Party organizations, government bodies, working people's organizations at all levels and all the people regard it as part of their noble obligation and duty to take good care of war veterans as they would do their own parents, and do all they can do for them. Although time passes and one generation is replaced by another, the heroic fighting spirit and undying feats of the victorious wartime generation will boil the red blood of our descendants harder for all eternity and the great spirit and feats will live for ever with the victorious advance of our revolution.

**Esteemed comrades veterans,**

You, staunch war veterans, defeated the US imperialists that had boasted of being the "strongest" in the world and the armies of their followers and weathered those severe years and all sorts of hardships; but as the saying goes that time and tide wait for no man, many of the veterans have passed away and the hair of you, present here, has turned gray. Seeing this, I feel sorry and regretful that time flies. Comrades war veterans, I wish and wish you good health. I sincerely request the respected war veterans across the country to lead a long life in good health, serving as the eternal source of our strength and spiritual mainstay. Long live the great July 27 victory !

तेस्रो धार

# अनौपचारिक शिक्षा पद्धतिमा देखिएका त्रुटिहरू

■ राकेशप्रसाद चौधरी

नेपालका हरेक नागरिकसम्म शिक्षाको पहुँच सहज बनाउन संविधानको मौलिक हकमै यसको ब्यवस्था गरेको छ । विद्यालयस्तरीय शिक्षाबाट आर्थिक विपन्नता, विद्यालयसम्मको दूरी, घरायसीसहितका कामले बालिकामात्र नभई बालकहरू समेत वन्चित हुने गरेका छन् ।

विद्यार्थी जीवनबाट वन्चित, विपन्न समूहलाई राज्यले एवं राज्यसँग सहकार्य गरी गैरसरकारी संस्थाहरूले साक्षर हुने अवसर दिइएको देखिन्छ । किशोरकिशोरी शिक्षा, प्रौढ शिक्षा, गृहणी शिक्षासहितका नमूना एवं जीवन्त कक्षाहरू साक्षरता हुने अवसर शिक्षाको पहुँचबाट दूर रहेकाहरूले प्राप्त गरेका छन् । सहभागी केन्द्रित कक्षाहरू भएकोले समय अनुकुल विद्यालयको कक्षा कोठा एवं समूदायकै कुनै कोठामै साक्षर भएकाहरूले जीवनपर्यन्त सिकाइलाई सहज रुपमा ब्यवहारमा उतार्ने गरेको देखिन्छ ।

आर्थिक रुपले विपन्न अथवा समाजिक, सांस्कृतिक रुपले पछाडि पारिएका समूदायमा शिक्षाको शिक्षाप्रतिको वितृष्णा हुने कारणको खोजी बिना साक्षर बनाउने अभियान अथवा जीवनपर्यन्त सिकाइलाई सदुपयोग गर्ने कुरा मिथ्या नै हो । किन पढ्ने वा किन साक्षर हुने भन्ने कुरा नै बुझाउने र पढाउनुपर्ने पहिलो प्राथमिकता हुनुपर्छ । पढेर वा शिक्षा आर्जन गरेर सीमान्तकृत समूदाय अथवा कुनै विपन्न परिवारका सदस्यले कसरी सफलता हासिल गरे भन्ने कुराको जानकारी र ज्ञान दिइनु अतिकै आवश्यक छ ।

बालविकास अथवा कक्षा १ मा भर्ना भएका बालबालिकाहरू सतप्रतिशत विद्यालयस्तरीय शिक्षा पनि पूरा गर्न नसक्नु दुखद विषय त हो । तर साक्षरता कक्षामार्फत साक्षर भएर पनि पुनः विद्यालयमा छिरेका बालबालिकाहरू निरन्तरता दिन नसक्नुमा कमजोरी अभिभावक, विद्यालय र नीति निर्माणको भनेर आरोप लगाउने ठाउँहरू छन् । सुविधाबाट वन्चित भएका समूदायलाई साक्षर मात्रै गर्ने अथवा विद्यालय उमेरका बालबालिका छन् भने विद्यालयस्तरीय शिक्षा पूरा गर्ने वातावरणको सुनिश्चितता गर्नु आवश्यक छ । सही वा गलत छुट्टाउन सक्ने ज्ञान भए अभ्यासमा आधारित जीवनपर्यन्त सिकाइले जीवनयापन सहज बनाउने छ । नेपाललाई पूर्ण साक्षर बनाउने सपना आफैमा चुनौतीपूर्ण छ किनकी सुविधामा वन्चित समूदाय साक्षरताबाट निकै टाढा देखिन्छन् ।

दुईबर्ष अगाडि शिक्षा मन्त्रालय र युनेस्कोको सहयोगमा काठमाण्डौमा आयोजित संघीयतामा अनौपचारिक शिक्षा सम्बन्धी कार्यशालामा तत्कालिन शिक्षा सचिव मधुप्रसाद रेग्मीले नेपालको साक्षर जनसंख्या ८० प्रतिशत नाघेको दावी गर्नुभएको थियो । दावी गरिएका साक्षरता प्रतिशत दुईबर्षमा केही बुद्धि नभएको होला भन्न ग्राहो छ । साक्षरता शिक्षा चल्दैमा सबै सहभागी साक्षर हुने दावी गरियो भने साक्षरता सतप्रतिशतभन्दा बढी पुगेको हुनसक्ने देखिन्छ । साक्षरता अभियान अन्तर्गत २०७२ सालमा गरिएको एक कार्यक्रममा ६० बर्षसम्मका मानिसहरूको साक्षरता दर ९५.५४ प्रतिशत पुगेको दावी गरिएको थियो ।

अनुगमन र मूल्याङ्कनले सिकाई मापन नभएसम्म साक्षर भएको र ती ब्यक्ति अव जीवनपर्यन्त सिकाइलाई अभ्यासमा ल्याउन समक्ष भएको दाबी गरिनु दुखद हुनसक्छ । के एउटै मोडलले नै हिमाल, पहाड, तराई र मधेशका बासिन्दा साक्षर हुनसक्छन् ? के सिकाईको स्तर एउटै छ ? के आर्थिक र समाजिक अवस्था एउटै छ?

जबसम्म यी प्रश्नहरूको सुक्षम उत्तर नआएसम्म सुविधा वन्चित समूदायमा ज्ञान र शिक्षाको ज्योती पुग्यो भनेर दाबी गर्नु अनुचित ठहर्छ । अझैसम्म धेरै सीमान्तकृतहरू विद्यालयबाहिर निकृष्ट श्रममा भेटिन्छन् । पैसा पाउने वा नपाउने काममा दिनभरि श्रम गरिरहेका देखिन्छन् । ती बालबालिका र अभिभावकलाई बालअधिकार र संविधानमा लेखिएको शिक्षासम्बन्धी मौलिक हक कहिल्यै नसुनेको संगीत जस्तै लाग्छ । आवश्यकतामा आधारित शिक्षा र ज्ञान एउटा पाटो हो भने साक्षरता सबैका लागि आवश्यकता अर्को पाटो हो ।

पहिलो ध्येय उमेर पुगेका बालबालिकालाई विद्यालयमा सतप्रशित भर्ना, टिकाउने र पछि बिकाउनेसम्म बनाउने जिम्मेवारी विद्यालयको हो । तर अभिभावकले सहयोग गरेको खण्डमा मात्रै । अभिभावकले आर्थिक विपन्नता वा अन्य कारणले आफ्नै सन्तानको बालापन र अधिकार खोसेको पत्तो पाउँदैनन । दोस्रो अवसरका रुपमा प्राप्त हुने साक्षरता कक्षाहरूमा समेत सामेल नगराइ आफ्नै सन्तानहरूमाथि अन्याय गरेका थुप्रै उदाहरणहरू समाजमा भेटिन्छन् । अभिभावकलाई मात्रै शतप्रतिशत दोष दिएर शिक्षकलाई चोखो बनाउन खोजिएको होइन । अध्ययनको क्रममा शिक्षकहरूकै कारण विद्यालय छोडेका बालबालिका र पुनः साक्षर भई विद्यालय भर्ना भएका विद्यार्थी अध्ययन पूरा गर्न नसक्नु देखिएको छ । तेस्रो पक्ष हो समाजले शिक्षाप्रति बनाएका केही भ्रमहरू , जसले साक्षर नभएपनि रुपैयापैसा कमाएको उदाहरण पेश गर्न पछि पर्दैनन् ।

२००४ सालमा आधार शिक्षाको थालनीले लेख्य साक्षरता शिक्षाको औपचारिक प्रारम्भ भएको हो । सातदशक नाघिसक्दा समेत नेपालीलाई शतप्रतिशत साक्षर बनाउन नसकिएको तथ्य भुल्न सकिदैंन । २०१३ सालदेखि योजनाबद्ध रुपमा सुरु भएको प्रौढ शिक्षाका रुप र रंगहरू अझैसम्म कायम छ । समय समयमा राष्ट्रिय साक्षरता अभियान पनि नचलेको होइन ।

तर यसको प्रभाव मूल्याङ्कन हामी अझैसम्म सीमान्तकृत समूदायमा साक्षरताको ज्योती जगाउन नसकेकै नजिता आउँछ । जीवनपर्यन्त शिक्षा भैपरि शिक्षा अथवा आवश्यकता र अभ्यासमा आधारित शिक्षाले साक्षरताको स्तर केही हदसम्म बढाउनेभन्दा पनि जीवनयापनमा सहजता ल्याउने देखिएको छ ।

अनौपचारिक एवं निरन्तर सिकाइ दोस्रो पक्ष हो किनभने पहिलो पक्ष छुट्न गएमा मात्रै यो उपलब्धिमूलक हुनसक्छ । अहिलेको समयमा सुचना प्रविधिको प्रयोग, समान्य हिसाबकिताब, समान्य लेख पढलाई साक्षरताको श्रेणीमा राखेको छ । पुनः सर्वेक्षण गरियो भने हाल समकक्षता दिने साक्षरताको परिभाषाको हालसम्म शिक्षा मन्त्रालयले गरेका दाबीहरूमाथि अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

सन् २०२२ सम्ममा समावेशी, सुरक्षित र संरक्षित वातावरणमा सबैभन्दा पिछडिएकासहित देशका सम्पूर्ण बालबालिकालाई पूर्वप्राथमिक तथा आधारभूत शिक्षा सुनिश्चित गर्ने लक्ष्य अन्तर्गत कार्यान्वयन गरिएका विद्यालय क्षेत्र सुधार योजना(एसएसडीपी, सन् २०१६-२०२२) निर्देशित छ । अनौपचारिक शिक्षा क्षेत्रमा समेत केही कामहरू गर्ने योजना संयुक्त राष्ट्र बाल कोष (युनिसेफ) ले अनौपचारिक शिक्षाका माध्यमबाट विद्यालयमा ढिला वा पहिलोपल्ट उपस्थित भएका किशोरकिशोरी लक्षित, जीवउपयोगी सीपहरूमा आधारित पाठ्यक्रम निर्माण तथा अनौपचारिक शिक्षाको समानक संरचना निर्माणको कामहरूमा सघाउँदै आएको छ । युनेस्कोले समेत अनौपचारिक शिक्षामा भूमिका खेल्दै आएको छ ।

सुविधा वन्चित समूहमा साक्षरता एवं जीवनपर्यन्त सिकाइको पहुँच विस्तारका लागि केही महत्वपूर्ण पाटोहरू छन् । यसबारे अध्ययन र अनुसन्धान भइसकेको हुनसक्छ । साक्षरताको स्तर मापन गर्दा भाषागतभन्दा पनि विषयवस्तुको ज्ञान, प्रविधिसँगको सहकार्य वा जानकारीलाई महत्वपूर्ण मानिनुपर्छ । तराईका कुनै ठाउँमा नेपालीभन्दा उसको आफ्नो मातृभाषामा विषयबस्तुको जानकारी छ भने त्यस्तालाई साक्षर मान्ने कि नमान्ने ?

सर्तसहित वा सर्तरहित साक्षरको परिभाषा बनाउने, त्यसमा पनि सुविधा वन्चित समूहलाई पहिला विषयवस्तुको ज्ञान दिने कि प्रविधिको भनेर निर्क्यौल गर्न जरुरी छ । अझैसम्म धेरै यस्ता सीमान्तर्कत समूदाय छन् , जसले सूचना प्रविधिका साधनहरू पनि देखेका छैनन । सूचना प्रविधिको साधन नै नदेखकालाई कसरी साक्षर बनाउने भनेर एक पटक सोच्नुपर्ने आवश्यकता छ । यसमा संघीय, प्रादेशिक तथा स्थानीय सरकारका नीति निर्माणहरू मस्तिष्क मन्थन गरेर गुदी दिव्यज्ञान दिनसक्छ ।

फरक सोच र शैलीका साथ हिमाल, पहाड, तराई , मधेशमा जातिय , भाषिक, सामाजिक एवं सांस्कृतिक रुपले सुविधा वन्चित भएका समूहको पहिचान र साक्षरता एवं जीवनपर्यन्त सिकाइको पहुँच विस्तारका लागि पंचबर्षीय योजना आवश्यक छ । देश संघीय प्रणालीको अभ्यासमा रहेकोले साक्षरताको ग्यारेन्टीका लागि अघिल्ला योजनाहरू संशोधन आवश्यक छ । आवश्यकतामा आधारित साक्षरता शिक्षा, उपभोग र उपयोगका विषयहरूले निर्देशित हुनु पनि आवश्यक छ । साथै भाषागत एवं जातिय सहभाव हुनु उतिकै आवश्यक छ । सुविधाबाट वन्चित समूहलाई सुविधा सम्पन्न समूहसँग नै शैक्षिक अभ्यास र जीवनपर्यन्त सिकाइको अभ्यासमा लगाइनु पनि फलदायी नै हुनेछ ।

यसलाई गरिबी निवारणका लागि बहुआयमिक साक्षरता(पाठ्यक्रमको ज्ञान, परम्परागत ज्ञान, सुचनाप्रविधिको ज्ञान र वित्तीय ज्ञान) अथवा एकीकृत साक्षरता र जीवनपर्यन्त सिकाइ कार्यक्रम कार्यान्वयन गरि सुविधा वन्चत समूदायलाई अग्रमोर्चामा ल्याउन आवश्यक छ ।

गाउँपालिका र नगरपालिकाहरूमा शिक्षा विज्ञको अभाव र अध्ययन अनुसन्धानमा देखिएको अरुचिले सुविधाविहीन वर्गलाई साक्षरता शिक्षा र ज्ञान अकाशे फल जस्तै छ । यस विषयलाई गंभीरताका साथ मनन गरि पहुँच बिस्तार वा मार्ग निर्धारण आवश्यक छ ।

सामाजिक एवं जातिय रुपमा पछाडि परेको अथवा सुविधाबाट बंचित समूदायका बालबालिकालाई छात्रवृतिसहितको अनौपचारिक शिक्षामा समेत जोडबल गर्नु आवश्यक छ । साथै प्राविधिक अथवा अन्य कुनै विषयको अध्ययन र छात्रवृतिबारेको जानकारी क्रमगत रुपमा अनौपचारिक कक्षामा पनि जानकारी गराइए साक्षर भई ती बालबालिका पुनः विद्यालयमा तथा अनय समूहका मानिसहरू स्वरोजगारमा जान सजिलो होस् ।

मैले अनौपचारिक शिक्षा एवं शिक्षण पद्धतीमा देखिएका केही त्रुटीहरूको उठान र समाधानहरूको उपाय मात्रै यहाँ उल्लेख गरेको छु । यसबारे केही कुरा अनुसन्धात्मक तथा केही ब्यवहारिक सुझावहरू छन् । समाधानका उपायहरू आवलम्वन भएमा सुविधा वन्चित समूहमा साक्षरता एवं जीवनपर्यन्त सिकाइको पहुँच विस्तार हुनसक्नेमा म आशावादी छु ।

## नेपालमा...

ग्राण्ड डिजाइनमा फसेको छ । नेपालका प्रायः सबै दलमा त्यसको चलखेल देखिन्छ । भारतले खुल्ला रुपमा सिमाना मिच्दा, सूर्यवहादुर थापाले 'प्रमाण' खोजे । लाखौं विदेशीलाई नेपाली बनाउन सातदलले नागरिकता विधेयक ल्याउँदा 'राष्ट्रवादी' भन्ने राप्रपा नेपाल, राप्रपा, जनशक्ति दल कोही बोलेनन् । बरु मोहनविक्रम सिंहको पार्टीले विरोध गऱ्यो । सत्ता पाउन र सत्तामा टिकिरन नेताहरू जे बन्न पनि तयार छन् भन्ने स्पष्ट देखिएको छ । नेपाल, भुटान, बंगलादेश, श्रीलंका, पाकिस्तानदेखि बर्मासम्म खेलिरहेको भारतीय गुप्तचर संस्थाका षड्यन्त्रपूर्ण गतिविधिको पर्दाफास गर्न खोज्दा कैयन् लेखक, पत्रकार, विश्लेषक तथा राष्ट्रवादीहरूले ठूलो मानसिक पीडा भोग्नुपरेको छ । नेपालमा वितेका केही वर्ष यता प्रमुख दलहरू मात्र होइन, कैयन् संचारमाध्यम, गैरसरकारी संस्था र प्रभावशाली व्यक्तिहरू त्यसको प्रभावमा परेको रहस्योद्घाटन भइरहेको छ । भारतमा 'र' लगायतका झण्डै दशवटा गुप्तचर संस्था छन् तर सन् १९६८ को सेप्टेम्वर २१ तारीखमा स्थापित 'र' ले वैदेशिक राजनीति र कूटनीतिमा खेल्ने भएकाले यो इजरायलको मौसाद, अमेरिकाको सिआइए, चीनको गयानवू र वेलायतको एम-सिक्सटिन जस्तै प्रवल मानिन्छ । त्यति हुँदाहुँदै पनि 'र' ले कार्गिल युद्धमा लज्जित हुनुपऱ्यो । नेपालमा सन् २००५ को फेव्रुअरी १ मा भएको घटना यसले चाल पाएन र सन् १९९९ मा जनरल पर्वेज मुसरर्फले सैनिक विद्रोह गरेको खबर पनि 'र' का अधिकृतहरूले टेलिभिजन हेरेर चाल पाए भनिन्छ । बलुचिस्तान लिबरेसन आर्मीदेखि लिएर वर्माको कचिन इन्डेपेन्डेन्स आर्मीसम्म र नेपालका माओवादी छापामारलाई समेत हतियार, तालिम र पैसा दिनसक्ने 'र' ले दक्षिण एसियामा कतै गणतन्त्रका नाममा, कतै पृथक् राज्यका नाममा र कतै स्वतन्त्रताका नाममा चलखेल गरेको 'भित्री कथा' सतही अध्ययनबाट बुझ्न सकिदैन ।

दिल्लीको लोधीरोडमा वमले ध्वस्त नहुने तेह्रतल्ले विशाल भवनमा 'र' को मुख्यालय छ । हालसम्म यसले विदेशस्थित भारतीय दूतावास, गैरसरकारी संस्था, नागरिक समाज, पत्रकारलगायतका विभिन्न ठाउँमा आफ्ना मान्छेहरू भर्ना गरेर सूचनासंग्रह गर्दै आएको छ । हरेक गुप्तचर संस्थाले त्यसै गर्छन । सिंहदरवारदेखि नारायणहिटीसम्म, सेनादेखि प्रहरीसम्म, अध्यागमनदेखि पत्रकार महासंघसम्म, होटलदेखि सिमानासम्म यत्रतत्र सर्वत्र विदेशीका गुप्तचरहरू हुन सक्छन् भन्ने हामीले हेक्का राख्न सकेनौं । पंचायतकालमा जलस्रोत मन्त्री ध्यानबहादुर राईका निजी सचिव नै भारतीय जासुस भएको प्रमाणित भएको थियो । अधिवक्ता शम्भु थापाले अन्तरिम संविधान एकजना व्यक्तिले बालुवाटारमा बसेर एकैरातमा बनाएको रहस्य खोलेका छन् । तराईमा 'विद्रोह' गर्नेहरूले गाउँका लोहारसँग बन्दुक बनाएका होइनन् । हजारौं 'छापामार' पाल्ने करोडौ रुपियाँ कहाँबाट आउँछ ? भारतमा सीपी गजुरेल र मोहन वैद्य पक्राउ परे तर बाबुराम भट्टराई किन पक्राउ परेनन् ? यस्ता कुरा बुझ्दै जाँदा एउटा कविता सम्झना आउँछ -"बुझ्न कठिन, बुझ्यो अझ कठिन, बुझ्दै गयो झन कठिन ... ।"

रामेश्वरनाथ काओले स्थापना गरेको 'र' को प्रमुख उद्देश्य विदेशी नेता, कर्मचारी, पत्रकार आदिलाई कठपुतली बनाएर 'भारतीयकरण' गर्नु हो । केहीवर्ष अघिसम्म काठमाडौंका भित्ता भित्तामा 'भारतीय विस्तारवाद मुर्दावाद' भन्ने नाराहरूसम्म देख्न पाइन्थ्यो । आज नेपाललाई सिक्किम बनाउने अन्तिम प्रयत्न हुँदा पनि अधिकांस सचेत नेपालीहरू अचेत झै देखिएका छन् । भारतीय पैसाले ती किचिएका छन् । आर.एन. काओपछि एन.सन्तुक, गिरिशचन्द्र एक्सेना, एके वर्मा, जी.एस. बाजपेयी, एन. नरसिंहन्, जे.एस. वेदी, ए.एस. स्याली, रञ्जन रोय, अरविन्द देवे, सीडी सहाय, जीकेएच ठक्करन (टी. हर्मिस) र हालका अशोक चतुर्वेदी सबैले एउटै एजेण्डा पाएका हुन् - सबै छिमेकीलाई कमजोर पारेर 'अखण्ड भारत' बनाउने । त्यहि योजना अनुसार भारतले पाकिस्तान टुक्र्याएर बंगलादेश बनाइदियो । अवामी लिग भारतकै लिटो र जाउलो खाने दल हो । नेपालका प्रमुख दलहरू भारतपरस्त भएझै सिक्किम नेशनल कंग्रेस पनि भारतले स्थापना गरिदिएको हो - लेण्डुप दोर्जेलाई नेता बनाएर । सिक्किमलाई भारतमा गाभ्न राजालाई प्रजातन्त्रविरोधी देखाएर राजतन्त्र उन्मूलन गरियो । बनारसमा रहेका बीपी कोइरालाले लेण्डुप दोर्जेलाई सारनाथस्थित आफ्नै घरमा सिक्किममा राजतन्त्र र प्रजातन्त्र एकढिक्का नभए भारतले खत्तम पार्छ भनेर सम्झाउनु भएको थियो ।

सन् १९७५ को अप्रिल २६ मा सिक्किम जब भारतको 'बाइसौं राज्य' घोषित भयो, तव मात्र त्यहाँका गणतन्त्रवादी नेताहरूले भारतले राजतन्त्रको विरोध गराउन किन करोडौं रुपियाँ खर्च गरेको रहेछ भन्ने बुझे । नेपालमा पनि जब वीरगञ्जमा भारतीय दूतावासले वाणिज्य दूतावासको खोल ओढाएर एउटा कार्यालय खोल्यो, तव ज्वाला, गोइत, कोव्रा, फोरमलगायतका दर्जनौं पृथकतावादी र सशक्त समूहहरू जन्मिए । नेपालको राष्ट्रिय झण्डा जलाइयो । सातदल र माओवादीबीच दिल्ली-सम्झौता-२ भएपछि भारतले सात दलसँग त्यसरी नै बार्गेनिङ गऱ्यो, जसरी दिल्ली सम्झौता -१ पछि तत्कालिन गृहमन्त्री वीपी कोइरालासँग बार्गेनिङ गरेको थियो । बीपीका साढुभाइ तथा विद्वान गणेशराज शर्माले 'राष्ट्रियता र प्रजातन्त्र' पुस्तकमा भारत तथा राजतन्त्रबारे वीपीको धारणा स्पष्ट रुपमा उजागर गर्नुभएको छ ।

आज नेपालको अस्तित्व नै संकटमा परेको छ । अब 'गणतन्त्र' कुनै रुपमा आउँछ वा राष्ट्र बचाउन सेनाले प्रजातान्त्रिक शक्तिलाई अघि सारेर गनतन्त्र -guntantra) सुरु गर्छ भन्ने कुरा यो पंक्ति कोरुन्जेलसम्म स्पष्ट भइसकेको छैन । नेपालमा भारतको नाँगो हस्तक्षेपलाई चीनले चुनौति दिएको, राष्ट्रसंघ, भारत, अमेरिका र चीनको चासो झन् बढेको यो अवस्थामा नेपालको अस्तित्वरक्षा गर्न सेनाले कुनै कठोर कदम चाल्यो भने त्यसका निर्देशक को हुन् भनेर कसैले सोधिरहने झन्झट सायद गर्दैन ।

## साल्ट ट्रेडिङ...

भइसकेको छ । भिजेको मल गुणस्तरहीन छ । आपूर्तिकर्ताले मल सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट जाँचपास गरी साल्ट ट्रेडिङको गोदाममा पुऱ्याएपछि मात्र हाम्रो जिम्मेवारीमा आउने साल्ट ट्रेडिङ कर्पोरेसनले जनाएको छ । आपूर्तिकर्ता कम्पनीका भन्सार एजेन्टका प्रतिनिधिले गत मे महिनामा बंगालको खाडीमा आएको 'अम्फन' आँधीका कारण मल भिजेको जनाए । कोलकातामा रहेका अरू मल पनि भिजेको अवस्थामै रहेको सम्बद्ध स्रोतको भनाइ छ । सम्झौताबमोजिम आपूर्तिकर्ताले मल राम्रो अवस्थामा गोदाममा नदिएसम्म भुक्तानी नदिने साल्ट ट्रेडिङ लिमिटिडका अधिकारीले बताएका छन् ।

## खुल्दै बन्द...

पोजिटिभ देखिएको हो । यस नाकालाई अब 'नयाँ मोडालिटी' बनाएर खोल्ने प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताए । 'यसबारे दुवै पक्षबीच गहन छलफल भइरहेको छ, नयाँ मोडालिटीबाट चाँडै नाका सहज बनाएर छाड्नेछौं,' उनले भने । यसअघि चीनको खासा र न्यालम क्षेत्रमा थन्किएका डेढ सय कन्टेनरका रेडिमेड सामाग्री दसैंअघि राजधानी पुऱ्याउने लक्ष्य राखेर नाका सञ्चालनमा ल्याइएको थियो । तातोपानी सुख्खा बन्दरगाह तथा भन्सार कार्यालयका प्रमुख लालबहादुर खत्रीका अनुसार यसअघि चीनले मितेरी पुल पारी स्टोर गरेर राखिएको सामाग्री लिन चालक र मजदुर २९ जना ११ वटा कन्टेनर लिएर मितेरी पुलमा पुग्ने गरेका थिए । चीनको सुख्खा बन्दरगाह जाङ्बु पोर्टमा भएपनि आयात गरिने सामाग्री भने चीनको गोन्जओ, सिगात्से हुँदै खासासम्म ल्याइने गरिएको छ । पीसीआर मेसिनसहित दुई डाक्टरको मेडिकल समूहले सम्पूर्ण मजदुरको कोरोना परीक्षण गरिने उनको भनाइ छ । एक चिनियाँ अधिकारीका अनुसार 'नयाँ मोडालिटी' अनुरुप चीनको खासा क्षेत्रबाट चिनियाँ कन्टेनरले ल्याएको नेपालको भन्सार यार्डमा ल्याएर सामाग्री स्टोर या खसालेर राखिदिनेछन् । त्यसलाई सेनिटाइज गरिसकेपछि भन्सार प्रोटोकल पूरा गरेर नेपालले लैजाने मोडालिटी ल्याउनेमा स्थानीय प्रशासन र भन्सार टिम छलफलरत छन् ।

## लिम्पियाधुरा...

कालापानी क्षेत्रबाट फर्काइउन । अहिले त्यहाँ भारतले इन्डो-टिबेटन बोर्डर पुलिस तैनाथ गरेको छ । कोरोना त्रासले गाँजिरहेका बेला एकाएक वैशाख २६ गते बिहान भारतका रक्षामन्त्री राजनाथ सिंहले मानसरोवर जाने लिंकरोड अन्तर्गत धार्चुला लिपुलेक खण्ड आफूले उद्घाटन गरेको भन्दै ट्विट गरे । यो ट्विट लगत्तै सिंगो नेपाल तरंगित भयो । भारत विरोधी आवाज उठ्न थाले । किनकि यो सडकको १९ किलोमिटर खण्ड नेपालमा पर्छ । नेपालको परराष्ट्र मन्त्रालयले भोलिपल्टै विज्ञप्ति निकालेर त्यस क्षेत्रमा भइरहेका सम्पूर्ण गतिविधि रोक्न भारतलाई आग्रह गऱ्यो । त्यसपछि भारतका विदेश मन्त्रालयका प्रवक्ताले विज्ञप्ति जारी गर्दै सडक निर्माण भएको क्षेत्र भारतकै भएको दाबी गऱ्यो । यो विषयमा सडकदेखि सदनसम्म आवाज उठिरह्यो । भारतले लिपुलेक कालापानी र लिम्पियाधुरालाई आफ्नो पट्टि पारेर गत कात्तिकमा नयाँ नक्सा जारी गरेदेखि नै नेपाल सरकारले पनि नक्सा जारी गर्नुपर्ने आवाज उठ्न थाल्यो र सरकारले ढिलै भए पनि लिम्पियाधुरालाई समेटेर नयाँ नक्सा जारी गऱ्यो । नक्साको बदला नक्सा मात्रको स्थिति छ अहिले पनि । वार्ताका लाषि नेपालले पटक पटक पहल गर्दा पनि भारतले कोरोना कहर देखाएर पन्छिँदै आएको छ । जबकि लद्दाखमा चीनसँगको सीमा विवाद साम्य गर्न चीनसँग भारतले कूटनीतिक वार्ता गरिरहेको छ विदेश मन्त्रीस्तरमा । तर नेपाललाई उसले बाल पनि गनेको छैन । कोरोना संक्रमणकालमा पनि भर्चुअल वार्ता गर्न सकिन्छ तर भारत त्यो गर्न पनि अनिच्छुक देखिएको छ ।

सन् १८१६ मा तत्कालीन ब्रिटिस भारतसँग सम्पन्न सुगौली सन्धिअनुसार नेपालको पश्चिम सिमाना काली नदी कायम भएको थियो । सन् १८५० मा सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा लिपुलेक भन्ज्याङबाट आउने नदीलाई कालीनदी मानी सोही नदीमा सिमाना देखाइएको छ र साथै सन् १८५६ मा प्रकाशित नक्सामा पनि १८५० को नक्साअनुसार नै सिमाना देखाइएको छ । उक्त दुवै नक्साअनुसार कालापानी क्षेत्र नेपालको भूभागमा पर्छ । पछि सन् १८७५ मा सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा कालीनदी छाडी कालापानीभन्दा तलको पाखागाउँ खोलाको दक्षिणपट्टिको डाँडो (पानी ढलो) लाई सिमाना देखाइएको छ । यस नक्साअनुसार कालापानी क्षेत्र भारततर्फ पर्न जान्छ ।

पछि सन् १८७९ मा भारत र चीन सीमा सम्झौता हुँदा पनि सन् १८५० मा सर्भे अफ इन्डियाको नक्सामा देखाइएको लिपुलेक भन्ज्याङलाई कालीनदीको उद्गमस्थल मानी इन्जक्सन निषेधाज्ञा कायम गरिएको छ । सन् १८५० र १८५६ को सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा कालापानी नेपालको भूभागको रुपमा कायम भएपछि त्यसपछि सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा सिमाना फेर्ने कुनै आधार र औचित्य रहँदैन । अतः कालापानी नेपालको भूभाग रहेको हुँदा एवं हालसम्म नापी विभागबाट प्रकाशित नेपालको सबै नक्सामा लिपुलेक भन्ज्याङबाट आउने कालीनदीलाई सिमाना कायम गरिएको र कालापानी नेपालको भूभागको रुपमा छ ।

ब्रिटिस भारतसँग भएको सुगौली सन्धिपछि त्यही भारत सरकारले सन् १८५० र ५६ मा गरी दुई दुई पल्ट छापेको नक्साले कालापानी लगायतका भूभागलाई नेपालभित्र पारेको छ । यस आधारमा नेपालले कालापानी आफ्नो भनेर लिएको अडान प्रमाणमा आधारित छ । सन् १८७९ देखि भारतले आफूखुसी नक्सा छापेर कालापानीलाई भारतमा पार्न खोजेको छ । यो षड्यन्त्रपूर्ण छ र अन्तर्राष्ट्रिय नियम कानुनको बर्खिलाप छ । वि.सं. २०५५ सा लमा भारतले अतिक्रमित कालापानी क्षेत्र विस्तार गरेर काँडेतार लगायो । त्यसबेला पनि नेपालको संसद र सडकमा व्यापक विरोध थियो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कागजपत्र र नक्साका आधारमा कालापानी क्षेत्र नेपालको भूभाग रहेको उल्लेख गर्दै पत्रकारहरूसँग भनेका थिए- हामी आफ्नो राष्ट्रिय एकता र सार्वभौमिकतामा कुनै सम्झौता गर्दैनौं । त्यसबेला एमाले महासचिव माधवकुमार नेपालले पनि भनेका थिए- 'हामीलाई अहिलेसम्म प्राप्त प्रमाणका आधारमा कालापानी नेपालको हो । हाम्रो पार्टीले आफ्नो मुलुकको एक इन्च जमिन पनि कसैले अतिक्रमण गरेमा घोर विरोध गर्छ ।' अहिले भारतसँग कुनै बेला 'सुरुङ युद्ध' गर्ने ध्वाँस दिने माओवादी पार्टी र एमाले मिलेर बनेको दुईतिहाई बहुमत नजिकको कम्युनिस्ट सरकार छ देशमा । कम्युनिस्टहरू राष्ट्रवादी हुन्छन् भन्ने स्थापित मान्यता पनि छ । सरकारले लिम्पियाधुरा समेतेर नयाँ नक्सा प्रचलनमा ल्याएको पनि छ । तर नक्सामा मात्र कालापानी ल्याएर भएन । व्यवहारमा ती भूभागमा नेपालको हक स्थापित हुनुपर्छ ।

विज्ञ समितिको प्रतिवेदन सरकारलाई वार्ताका लागि सहज मार्गप्रशस्त गर्न काफी छ । अब सरकारले ढिलाइ नगरी कूटनीतिक माध्यमद्वारा अतिक्रमित भूभाग फिर्ता ल्याउन जरुरी छ । जसरी बीपी कोइरालाले सगरमाथालाई नेपालको भूभागका रुपमा स्थापित गरेका थिए । अहिलेका प्रधानमन्त्री केपी ओलीले पनि बीपीको जस्तो आँट गर्नेछन् भन्ने जनअपेक्षा रहेको छ ।

## केसीको...

सुरु गर्ने हो भने राजधानीमा मेडिकल कलेज खोलेर ब्रह्मलुट मच्चाइरहेका मेडिकल माफियाहरूको व्यापार चौपट हुन्छ । सरकार जनतालाई सर्वसुलभ स्वास्थ्य सुविधाको पहुँचको पक्षमा होइन, मेडिकल माफियाको स्वार्थको संरक्षणमा लित्ति कसेर लागेको देखिएको छ । केसीका मागको सम्बोधन नहुनुको अर्थ हो नेपालमा भ्रष्टहरूलाई बेगलाम छोड्नु ।

केसीले भ्रष्टाचारको मुद्दालाई नै प्रखर रुपमा उठाएका छन् । भ्रष्टाचार हेर्ने अख्तियारी पाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग पूर्व विशिष्ट कर्मचारीको क्लबमा परिणत गरिएको छ । त्यहाँ विज्ञताका आधारमा होइन, राजनीतिक आधारमा आयुक्तहरूको नियुक्ति गरिन्छ । जसका कारण अख्तियारले राजनीतिक तहका भ्रष्टाचारलाइ तामेलीमा राख्ने गर्छ । कथंकदाचित कारबाही नै भए पनि विपक्षी दलका नेताहरू मात्र कारबाहीमा पर्ने गर्छन् । बहुचर्चित ललिता निवास जग्गा हिनामिना प्रकरणमा कांग्रेसका विजय गच्छदार डामिए, माधव नेपाल र विष्णु पौडेलले उन्मुक्ति पाए ।

पशुपति शर्माको बहुचर्चित गीत 'लुट्न सके लुट कान्छा' भनेझैं यहाँ अब कुनै पनि भ्रष्टाचारीलाई कारबाही गरिँदैन भन्ने सन्देश केसी अनशनले प्रवाह गरेको छ । 'म भ्रष्टाचार पनि गर्दिन र अरुलाई पनि गर्न दिन्न' भन्ने प्रधानमन्त्री ओली केसीका मागसँग किन डराइरहेका छन् ? दुनियाँले प्रश्न गरिरहेका छन् । केसीले उठाएका माग त सरकारले प्राथमिकतामा राखेर आफैंले गर्नुपर्ने काम हुन् । दुईतिहाई बहुमतको दम्भ देखाएर मेडिकल माफियाहरूको हितमा केसीका मागको उपेक्षा गरिनु निन्दनीय छ । नन्दप्रसाद अधिकारी र गोविन्द केसीलाई एउटै नजरले हेरिनु सरकारकै लागि घातक हुने निश्चित छ ।

## प्रदेश ५...

भने विपक्षमा ४ मत खसेको छ । यस्तै स्थायी राजधानी देउखुरीको पक्षमा ६९ मत परेको छ भने विपक्षमा १३ मत खसेको छ । जुन दुई तिहाइभन्दा २१ र ११ मत बढी हो । यही खुसियालीमा दाङ प्रादेशिक राजधानी सरोकार समितिले घोराहीमा बाजागाजासहित प्रदर्शन गरेको छ । सरकारले मंगलबार मात्रै रूपन्देही, कपिलवस्तु र नवलपरासीलाई समेटेर सांस्कृतिक एवं पर्यटकीय राजधानी बनाउने निर्णय समेत गरेको छ । साथै सरकारले रूपन्देहीको बुटवल-भैरहवा करिडोरलाई वित्तीय राजधानी बनाउने बताएको छ । मतदान प्रक्रिया सकिएपछि सभामुख घर्तीले प्रदेशको स्थायी राजधानी 'दाङ जिल्लाको राप्ती गाउँपालिका, गढवा गाउँपालिका तथा अर्घाखाँचीको शीतगंगा नगरपालिकाले ओगटेको राप्ती नदी किनारको मैदानी भाग, राप्ती उपत्यका (देउखुरी)' को पक्षमा दुई तिहाइ मत प्राप्त भएकाले संविधानको धारा २८८ को उपधारा २ बमोजिम प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी) भएको घोषणा गरेका थिए ।

## दशैंको...

गत असोज ५ गतेबाट नियमित आन्तरिक उडान सेवा सुरु भएको हो । उडान पुनः सञ्चालन भएको करिब १५ दिनमा आन्तरिक विमान कम्पनीको यात्रु क्षमता अनुसार करिब ८५ प्रतिशत अकुपेन्सी रहेको विमान कम्पनीले बताएका छन् । स्टल रुट (पहाडी र हिमाली भेगको उडान) भन्दा ट्रंक रुट (तराई भेगको उडान) मा अकुपेन्सी बढिरहेको बताइन्छ । अहिले पनि उडानको एकदिन अघिमात्रै बुकिङ हुने गरेको बताउँदै जोशीले दसैंका लागि अहिले केही भन्न नसकिने बताउँछन् । 'विमान कम्पनीले दसैंका लागि सस्तो भाडादर खोलिसकेका छैनन् । पर्ख र हेरको स्थिति छ । दसैंमा यात्रुको चाप कस्तो हुन्छ भन्न सकिने अवस्था छैन', बर्तौला भन्छन् । सिट पाइहाल्छ भन्ने मानसिकताले पनि अग्रिम बुकिङ नभएको होला भन्ने उनको सोचाइ छ ।

## संक्रमणले...

छ । कोरोना संक्रमितहरूको उपचारमा सरकारको उदासिनताले स्थिति काबु बाहिर जान सक्ने सरुवा रोग विज्ञहरूले बताउन थालेका छन् । नेपालमा मंसिर पुससम्ममा १५ लाख बढी संक्रमित संख्या पुग्न सक्ने विश्व स्वास्थ्य संगठनले प्रक्षेपण गरेको छ । अहिले मृत्यु संख्या ६ सयको नजिक छ । यो संख्या ५० हजार बढी हुने समेत अनुमान गरिएको छ । २५ हजार बढी सक्रिय संक्रमित संख्या नाघे राज्यको स्वास्थ्य प्रणालीले धान्न नसक्ने र लकडाउनको सिफारिसको विकल्प अर्को नहुने स्वास्थ्य मन्त्रालयको भनाइ छ । सक्रिय संक्रमित संख्या २५ हजार पुग्नै लागेको छ । सरकारले फेरि लकडाउन वा निषेधाज्ञा लगाउने हो कि भन्ने त्रासले आम मानिस चिन्तित छन् । कोरोना संक्रमणको नियन्त्रणको अचुक अस्त्र बन्दाबन्दी मात्र होइन । राज्यले परीक्षण दरलाई बढाएर संक्रमित बिरामी पत्ता लगाइ समुदायबाट तिनलाई अलग गरी आइसोलेनमा नराखेसम्म संक्रमण वृद्धि दरमा कमी आउने देखिँदैन ।

नागरिकले सरकारले सुझाएको स्वास्थ्य सुरक्षाको मापदण्डको पालना नगरेको भनेर सरकार उम्किन मिल्दैन । सरुवा रोगको उपचारको दायित्व सरकारको हो । कोरोनालाई पहिले विश्व स्वास्थ्य संगठनले विश्वकै महामारीका रुपमा लिएको थियो । अहिले यसलाई सरुवा रोग मानेको छ । जनताको स्वास्थ्यप्रति सरकार गम्भीर नबने संक्रमणले भयावह रुप लिने र स्थिति सरकारको नियन्त्रण बाहिर जाने प्रस्ट संकेत देखिँदैछ । कोरोना संक्रमणबाट बच्न आम नागरिकले पनि सरकारले सझाएका स्वास्थ्य सावधानीका उपायहरू गम्भीरताका साथ पालना गर्न त्यत्तिकै जरुरी छ ।